# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १३ | अंक १४१ | काठमाडौं | शुक्रबार, २६ भदौ २०८३ | Prabhab National Daily | Friday, 11 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


## विवादित अभिव्यक्तिले गयो यादवको पद, नयाँ उद्योगमन्त्री बने साह



जनमत पार्टी स्थापनामा महत्वपूर्ण भूमिका खेलेका साह उक्त पार्टीका उपाध्यक्ष थिए । अनुशासनको कारबाहीमा परेपछि जनस्वराज र सर्वोदय दल खोलेका साहको दल फागुन २१ को निर्वाचनअघि रास्वपामा विलय भयो । निर्वाचनमा साह सुनसरी-४ बाट निर्वाचित भए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ग्यास उद्योगीलाई पाता फर्काउने अभिव्यक्ति दिएकी गौरीकुमारी यादवले पदबाट राजीनामा दिएकी छन् । बुधबार उद्योग समितिमा उद्योगमन्त्री यादवले ग्यासको अभाव सिर्जनामा उद्योगी दोषी रहेको अभिव्यक्ति दिएकी थिइन् । यादवको अभिव्यक्तिपछि ग्यास उद्योगी आन्दोलनको तयारीमा थियो ।

यादवले बिहीबार प्रधानमन्त्री वालेन्द्र शाह बालेनसमक्ष राजीनामा बुझाएकी हुन् । गौरीकुमारी गत चैत २७ गते मन्त्री नियुक्त भएकी थिइन् । त्रिशूली नदीको बाढीले कटान गरेका कारण भदौ १४ गते कृष्णभीरको सडक भासिएर काठमाडौंको पाइपलाइन मानिने पृथ्वी राजमार्ग बन्द भएर आपूर्ति व्यवस्था प्रभावित भएको अवस्थामा उद्योग समितिमा यादवले उद्योगी र कर्मचारीमाथि जथाभावी अभिव्यक्ति दिएकी थिइन् ।

भोटेकोशीमा आएको बाढीले निम्त्याएको विपद्मा निजी क्षेत्रले सरकारलाई खुलेर साथ दिइरहेको अवस्थामा मन्त्रीले उद्योगीको भरोसा बन्नुपर्ने अवस्थामा यादवले हतोत्सही बनाउनतिर लागेकी थिइन् ।

### को हुन् नयाँ उद्योगमन्त्री साह ?

प्रधानमन्त्री बालेनले दीपककुमार साहलाई उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीमा नियुक्त गरेका छन् । साहले बिहीबार नै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताका सपथ लिए । मन्त्री साहले खाना पकाउने एलपी ग्यासको बिक्री वितरणमा देखिएको समस्या समाधानमा आफू गम्भीर भएर लाग्ने बताएका छन् ।

सिंहदरबास्थित मन्त्रालयमा पदभार ग्रहण गर्ने क्रममा साहले भने, 'जनतालाई जति ग्यास आवश्यक छ, त्यति दिनैपर्छ, छलफल गरेर आवश्यक कदम चाल्नेछौं ।' निवर्तमान उद्योगमन्त्री गौरीकुमारीसँग छलफल गरेर आफू अघि बढ्ने उल्लेख गर्दै मन्त्री साहले त्यसआधारमा सुधारका कार्यक्रम अघि बढाइने बताए । 'कुनै काम गर्नुभन्दा अघि विगतमा त्यससम्बन्धमा के-के भइरहेको छ, त्यसको जानकारी लिएर मात्रै अघि बढ्दा नतिजा आउँछ', मन्त्री साहले भने ।

जनमत पार्टी स्थापनामा महत्वपूर्ण भूमिका खेलेका साह पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट प्रतिनिधिसभामा निर्वाचित हुँदै मन्त्री बनेका हुन् । पेसाले इन्जिनियर रहेका साह र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतबीच इन्जिनियरिङ अध्ययनकै क्रममा निकटता बढेको थियो । जनमत पार्टी निर्माणको क्रममा साहले राउतलाई महत्वपूर्ण सहयोग गरेका थिए । पार्टी स्थापना भएपछि उनी उपाध्यक्षसँगै अनुशासन समितिको प्रमुखको जिम्मेवारीमा पुगे ।

क्रमशः पृष्ठ २ मा


भोटेकोशी बाढीपछिको पुनर्निर्माणमा ७ खर्ब बढी लाग्ने

पृष्ठ २ मा


## राष्ट्रसंघमा जलवायु न्यायलाई एजेन्डा बनाउँदै बालेन

**भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको विनाशकारी बाढीले ठूलो क्षति पुऱ्याएपछि जलवायु परिवर्तन र त्यसबाट नेपालले भोगिरहेको जोखिमलाई अन्तर्राष्ट्रिय एजेन्डा बनाउनुपर्ने दबाब बढेको छ**



नेपालको कार्बन उत्सर्जन विश्वको तुलनामा नगण्य भए पनि जलवायु परिवर्तनको असर भने नेपालले गम्भीर रूपमा भोगिरहेको छ । त्यसबारे विश्वसमुदायको ध्यानाकर्षण गर्न र क्षतिपूर्तिको दाबी उहाँ (प्रधानमन्त्र)ले गर्नुपर्छ ।

■ **डा. मोहनबहादुर चन्द**
जलवायु मामिला विज्ञ

■ **जेबी योञ्जन**

**काठमाडौं–** भदौ १० गते बिहान भोटेकोशी-त्रिशूली नदीमा आएको बाढीबाट नेपालले ठूलो क्षति बेहोरेपछि यस विषयलाई विश्वमञ्चमा उठाउन प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुने भएका छन् । राष्ट्रसंघको ८१ औं महासभामा जान उनको भ्रमण बिहीबार मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ ।

प्रधानमन्त्री भएपछि बालेनले पहिलो विदेश भ्रमण गर्न लागेका हुन् । 'संयुक्त राष्ट्रसंघको ८१औं महासभामा २०८३ असोज ६ देखि १० गतेसम्म प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने,' सरकारका प्रवक्ता सस्मित पोखरेलले भने ।

नेपाली प्रतिनिधिमण्डलमा को को हुनेछन् भन्ने विषय सार्वजनिक भइसकेको छैन । तर, जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको असर, त्यसबाट भएको क्षतिको क्षतिपूर्ति तथा अन्तर्राष्ट्रिय सहयोगको मागलाई संयुक्त राष्ट्रसंघको महासभामार्फत विश्व समुदायसमक्ष राख्नु प्रधानमन्त्री बालेनको भ्रमणको मुख्य उद्देश्य हुने भएको हो । यससँगै पहिलो विदेश भ्रमणमै उनले विश्वका राष्ट्र तथा सरकार प्रमुख सहभागी हुने संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने भएका छन् । नेपालका लागि यसपटकको महासभा सामान्य कूटनीतिक भ्रमणभन्दा बढी महत्वपूर्ण हुने काठमाडौं विश्वविद्यालयमा प्राध्यापनरत जलवायु विज्ञ डा. मोहनबहादुर चन्द बताउँछन् ।

उनका अनुसार भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको विनाशकारी बाढीले ठूलो क्षति पुऱ्याएपछि जलवायु परिवर्तन र त्यसबाट नेपालले भोगिरहेको जोखिमलाई अन्तर्राष्ट्रिय एजेन्डा बनाउनुपर्ने दबाब बढेको छ । 'हामीले जे भोग्यौं, यसमा जिम्मेवार विकसित मुलुकहरू हुन् । ती मुलुकहरूले गरेको औद्योगिक विकास हो र नेपालले भोगेको प्राकृति विपद्मा अन्तर्राष्ट्रिय समुदायलाई जिम्मेवारी गराउनैपर्छ,' चन्दले भने ।

प्रधानमन्त्री बालेनले महासभामा भोटेकोशी-त्रिशूली बाढीले पुऱ्याएको जनधनको क्षतिको क्षतिपूर्ति नेपाललाई दिनुपर्ने विषय अर्को एजेण्डा हुने उनले बताए । 'नेपालको कार्बन उत्सर्जन विश्वको तुलनामा नगण्य भए पनि जलवायु परिवर्तनको असर भने नेपालले गम्भीर रूपमा भोगिरहेको छ । त्यसबारे विश्वसमुदायको ध्यानाकर्षण गर्न र क्षतिपूर्तिको दाबी उहाँ (प्रधानमन्त्र)ले गर्नुपर्छ,' उनी भन्छन् ।



नेपालमा हिमनदी पग्लिने, हिमताल फुट्ने जोखिम बढ्ने, बाढी-पहिरोको घटना बढ्ने र त्यसबाट पूर्वाधार तथा मानवीय क्षति हुने क्रम बढ्दै गएको छ । यही पृष्ठभूमिमा प्रधानमन्त्री शाहले जलवायु न्यायको विषयलाई महासभामा उठाउने भएका छन् ।

विशेषगरी जलवायु परिवर्तनबाट भएको हानि-नोक्सानीको क्षतिपूर्ति र 'लस एन्ड ड्यामेज फन्ड'मा नेपालको सहज पहुँचको विषय महत्वपूर्ण बन्न सक्नेछ । बढी कार्बन उत्सर्जन गर्ने विकसित मुलुकहरूले नेपालजस्ता हिमाली तथा विकासोन्मुख देशलाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने नेपालको मागलाई शाहले अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्दा उपयुक्त हुने डा. चन्दले बताए ।

भोटेकोशी-त्रिशूली बाढीबाट भएको क्षतिले यो विषयलाई थप बल दिएको छ । प्राकृतिक विपद्पछि पुनर्निर्माण र पुनःस्थापनाका लागि ठूलो स्रोत आवश्यक पर्ने भएकाले नेपालले अन्तर ाष्ट्रिय सहयोग जुटाउन महासभालाई उपयोग गर्न खोजेको देखिन्छ ।

प्रधानमन्त्री शाहले हिमालय संरक्षणको विषयलाई समेत विश्वव्यापी सरोकारका रूपमा प्रस्तुत गर्ने भएका छन् । तापक्रम वृद्धिका कारण हिमनदी तीव्र गतिमा पग्लिँदा हिमाली क्षेत्रको वातावरण, जनजीवन र अर्थतन्त्रमा परेको असरबारे उनले विश्व समुदायको ध्यानाकर्षण गराउने बताइएको छ ।

यससँगै नेपालको पर्वतीय अर्थतन्त्र, हिमाली पारिस्थितिक प्रणालीको संरक्षण र त्यसका लागि अन्तर्राष्ट्रिय सहकार्यको आवश्यकता पनि नेपालको एजेन्डामा रहनेछ । महासभामा नेपालले आफ्नो आर्थिक विकासका प्राथमिकतासमेत प्रस्तुत गर्नु उपयुक्त हुने डा. चन्द बताउँछन् । नेपाल अति कम विकसित राष्ट्र (एलडीसी)बाट स्तरोन्नतिको प्रक्रियामा रहेकाले स्तरोन्नतिपछि अन्तर्राष्ट्रिय सुविधा घट्दा अर्थतन्त्रमा पर्न सक्ने असर कम गर्न अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको विषय उठाउन सकिनेछ ।

सन् २०३० सम्मका दिगो विकास लक्ष्य हासिल गर्न जलवायु वित्त, वैदेशिक लगानी र प्रविधि हस्तान्तरण सुनिश्चित गर्नुपर्ने विषय पनि प्रधानमन्त्री शाहको सम्बोधनमा जोडिने बताइएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## मलेसियाको रोजगारीमा एकाधिकार लागू गर्न २५ व्यवसायीको चलखेल रोकिएन

### श्रम मन्त्रालय भन्छ- निरन्तर कूटनीतिक संवादमा छौं

यो विषयमा मन्त्रालयले कूटनीतिकरूपमा मलेसियासँग संवाद गरिरहेको छ । यसमा कूटनीतिक सम्बन्ध र श्रम कूटनीति दुवै पक्ष जोडिएको हुँदा हाम्रा कानुनी मान्यता र श्रम सम्झौतामा भएको व्यवस्थाबमोजिम म्यानपावर व्यवस्थापनको प्रबन्ध गर्न अनुरोध गरेका छौं । कहाँ पुगेर हाम्रो संवादले कस्तो रूप लिन्छ भनेर यकिन गर्न सकिँदैन ।

■ **मीरा आचार्य**
प्रवक्ता, श्रम मन्त्रालय




■ **ममता थापा**

**काठमाडौं–** सरकारले मलेसिया रोजगारीमा एकाधिकार लगाउन खोज्ने २५ व्यवसायीलाई कारबाहीको दायरामा ल्याउन नसक्दा स्वार्थ समूहको चलखेल बढेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । तीन साता बित्दा पनि 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्ल्युसिएमएस)मा सूचीकृत व्यवसायीविरुद्ध राज्यले ठोस कदम नचाल्दा उल्टै चलखेल बढेको उनीहरूको भनाइ छ ।

हालसम्म २५ संस्थालाई विभागको प्रणालीमा 'ब्लक' गरेको जनाइएको छ । उक्त संस्थाहरूको मातहतमा काम गर्ने सहायक संस्था भन्दै थप २५० वटाको सूची एफडब्ल्युसिएमएसमा आइसकेको छ । २५ मध्येका केही संस्थाले १० व्यवसायीको समूहमा राखिएका संस्थाहरूलाई हटाउने र नयाँ राख्नेसमेत गरिरहेको पाइएको छ । जबकि एफडब्ल्युसिएमएसमा कुनै पनि डेटा तथा पोर्टल अद्यावधिक गर्ने जिम्मा मलेसियामा रहेको बेस्टिनेट एसडिएन बिएचडी नामको संस्थामार्फत मात्र हुने गर्छ ।

मंगलबार उक्त प्रणालीमा सहायक संस्थाहरू थप भएपछि बुधबार मलेसियालाई नेपालको श्रम सम्झौता, कानुनी संरचनालगायतका विषयहरू थप गरेर कूटनीतिक पत्र पठाएको युवा, श्रम तथा रोजगार मन्त्रालयले जानकारी दिएको छ । मलेसियासँग निरन्तर कूटनीतिक संवादमै रहेकाले के निचोड निस्कन्छ यकिन गर्न नसकिने मन्त्रालयकी प्रवक्ता मीरा आचार्यले बताइन् ।

'यो विषयमा मन्त्रालयले थाहा पाएदेखि कूटनीतिकरूपमा मलेसियासँग संवाद गरिरहेको छ । यसमा कूटनीतिक सम्बन्ध र श्रम कूटनीति दुवै पक्ष जोडिएको हुँदा हाम्रा कानुनी मान्यता र श्रम सम्झौतामा भएको व्यवस्थाबमोजिम म्यानपावर व्यवस्थापनको प्रबन्ध गर्न अनुरोध गरेका छौं ।

क्रमशः पृष्ठ २ मा

### प्रतिनिधिसभामा उठ्यो सिण्डिकेटको विषय



मलेसियामा श्रमिक पठाउने अधिकार सीमित संस्थालाई मात्र दिने प्रावधानको विषय प्रतिनिधिसभामा उठेको छ । बिहीबार नेपाली काँग्रेसका सांसद निस्कल राईले सीमित व्यवसायीलाई मात्र काम गर्न दिने प्रावधान विभेदकारी रहेको भन्दै सरकारको ध्यानाकर्षण गराए । उनले कुन मापदण्डमा टेकेर म्यानपावरहरू छनोटमा परे भन्दै प्रश्नसमेत गरे ।

'लाइसेन्स दिने बेलामा सबै बराबर । रोजगारी आउने बेलामा केही मात्र बराबर । यो कदापि समानता हुन सक्दैन,' प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद राईले प्रश्न गरे, 'कुन मापदण्डले २५ ? कसरी छान्यो ? कसले छान्यो ?

क्रमशः पृष्ठ २ मा


## 'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष**

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |

**प्रधानमन्त्री राहत कोष**

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# भोटेकोशी बाढीपछिको पुनर्निर्माणमा ७ खर्ब बढी लाग्ने

**काठमाडौं–** भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीपश्चातको पुनर्निर्माणका लागि ७ खर्ब बढी आवश्यक पर्ने आकलन सरकारले गरेको छ। राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सहितको संयुक्त प्राविधिक टोलीले यस्तो आकलन प्रस्तुत गरेको हो।

उक्त आकलनमा पुनर्निमाणका लागि २३ अर्ब ३१ करोड ५२ लाख रूपैयाँ आवश्यक पर्ने उल्लेख गरिएको छ। टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनअनुसार विपद्बाट सबैभन्दा धेरै प्रभावित पूर्वाधार क्षेत्र पुनरुत्थानका लागि मात्रै ४ खर्ब ७३ अर्ब ५७ करोड १९ लाख रूपैयाँ लाग्ने अनुमान गरिएको छ। यो कुल विपद् पुनरुत्थान आवश्यकताको ७५ प्रतिशत हिस्सा हो।

पूर्वाधार क्षेत्रमध्ये पनि ऊर्जा र सडकमा व्यापक क्षति पुगेको छ। जहाँ ७५९ मेगावाट क्षमताका १३ वटा जलविद्युत् आयोजना र २४ मेगावाटका ५ वटा सोलार प्लान्ट प्रभावित भएका छन्। यसका कारण ऊर्जा तथा ग्रिड प्रणालीको पुनरुत्थानका लागि मात्रै ३ खर्ब ९० अर्ब ६२ करोड ३० लाख ४० हजार रूपैयाँ आवश्यक पर्ने देखिएको छ।

यसैगरी ६९ किलोमिटर सडक खण्ड क्षतिग्रस्त भएको छ। ३३ वटा मोटरेबल पुल बगेका छन् भने ४ वटामा आंशिक क्षति पुगेको छ। यस्तै, बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुङ्गे पुलमध्ये ५३ वटामा क्षति पुगेको छ। प्रभावित क्षेत्रको समग्र यातायात पूर्वाधार पुनरुत्थानका लागि ७३ अर्ब ३४ करोड २९ लाख ६० हजार रूपैयाँ खर्च लाग्ने देखिन्छ।

बाढीका कारण सामाजिक तथा उत्पादन क्षेत्रमा पनि ठूलो भौतिक र आर्थिक असर परेको छ। बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी ७ हजार ५ सय ७० वटा निजी घरहरू क्षतिग्रस्त भएका छन्। यसबाहेक ४८ वटा सार्वजनिक भवन, १८ वटा विद्यालय, ७ वटा स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदामा क्षति पुगेको छ। यो क्षेत्रका लागि १ खर्ब ३ अर्ब ५४ करोड ९९ लाख रूपैयाँ बजेट आवश्यक छ।

यसैगरी, व्यापार, व्यवसाय, बैंक र कृषि समेटिएको उत्पादक क्षेत्रको पुनरुत्थानका लागि ५० अर्ब ७७ करोड ४९ लाख रूपैयाँ लाग्ने आकलन गरिएको छ। उत्पादन क्षेत्रअन्तर्गत १ हजार ८०६ हेक्टर कृषि बाली, १७ वटा बैंक शाखा र ४ हजार ८०० व्यापारिक प्रतिष्ठानहरू प्रभावित भएका छन्।

५ जिल्लाका प्रभावित १५ स्थानीय तहमध्ये नुवाकोटको विदुर नगरपालिकामा मात्रै ३ हजार २६ घरमा क्षति पुगेको छ। विवपद् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापनका लागि ९४ अर्ब ७५ करोड ३१ लाख रूपैयाँ र लेदो तथा भग्नावशेष व्यवस्थापनका लागि ५१ करोड ५४ लाख रूपैयाँ आवश्यक पर्ने प्रतिवेदनले औंल्याएको छ।

प्रतिवेदनले पुन:निर्माणलाई दुई चरणमा विभाजन गरेको छ। जसअनुसार, आगामी ६ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुन:निर्माणका लागि ८ अर्ब ७३ करोड ५० लाख रूपैयाँ र दीर्घकालीन पुन:निर्माणका लागि ७ खर्ब १४ अर्ब ५८ करोड २ लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको छ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०५/२० गते जिल्ला भक्तपुर म.ठि.न.पा.९ निकोशेरा स्थित घर अगाडी पार्किङ गरी राखिएको अवस्थामा Commando black रङ्को २२० सि.सि. मोटरसाइकल साँझको अन्दाजी ७:२५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : एम.ए.डल्लु हायर पर्चेज**
**ऋणीको नाम : राजेन्द्र खड्का**
**बाइक नं.: बा.प्र.-०२-०६० प ८३०८**
**च्यासिस नं.: ME3J3C5FGSN 001136**
**इन्जिन नं. : J3A5FGS 2063154**
**ठेगाना : सिन्धुपाल्चोक सुनकोसी गा.पा.३**
**सम्पर्क नं. ९८१८६८३८७३**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०५/२५ गते का.जि.ता.न.पा-११, नेपालटारबाट पार्किङ गरी राखिएको अवस्थामा निलो, कालो रङ्को २२० सि.सि. मोटरसाइकल साँझको अन्दाजी ४:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : हुलास अटो**
**ऋणीको नाम: राजेन्द्र सदाशंकर**
**बाइक नं.: बा.प्र.-०२-०६६ प ३३४८**
**च्यासिस नं.: MD2A13EXXTCM 84149**
**इन्जिन नं. : DKXCTL33821**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं. ९८५११९५४४०**

## माइग्रेशन हरायो

मिति २०८३/०३/२५ गते पुरानो थिमि देखी नेपाल कोरिया मैत्री अस्पतालको बिचमा आउने क्रममा मेरो निम्न व्यहोरा भएको National Examination board को सक्कल माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम थर : प्रवेश के.शी
रजिष्ट्रेसन नं : 575745024
सम्पर्क : ९७४८२८५३९१

## बिमालेख हरायो

मिति २०८३/०४/१० गते कास्की जिल्ला, घान्द्रुकदेखि काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : शारदा गुरुङ**
**बिमालेख नं. २५१८०५५३१**
**कम्पनी : लाइफ इस्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**ठेगाना : घान्द्रुक-९, कास्की**
**सम्पर्क नं : ९७६६४८६६६६**

## बिमालेख हरायो

मिति २०८३/०४/१० गते कास्की जिल्ला, घान्द्रुकदेखि काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : शारदा गुरुङ**
**बिमालेख नं. १६१०००३७७८**
**कम्पनी : प्राइम लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड**
**ठेगाना : घान्द्रुक-९, कास्की**
**सम्पर्क नं : ९७६६४८६६६६**


## पृष्ठ १ बाट क्रमश:

### राष्ट्रसंघमा...

त्यसैगरी, भूपरिवेष्टित मुलुकका रूपमा नेपालले भोग्दै आएको पारवहन तथा अन्तर्राष्ट्रिय व्यापारका समस्या, निर्बाध पारवहन अधिकार र नेपालको जलविद्युत् तथा स्वच्छ ऊर्जामा अन्तर्राष्ट्रिय लगानीको सम्भावना पनि उनले प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

यसअघि महासभामा परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी हुने तयारी थियो। गत ३ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले खनालको नेतृत्वमा प्रतिनिधिमण्डललाई महासभामा सहभागी हुन स्वीकृति दिएको थियो। तर, पछिल्लो विपद्को अवस्थालाई मध्यनजर गर्दै प्रधानमन्त्री शाह आफैं महासभामा सहभागी भएर नेपालको धारणा राख्नुपर्ने माग बढेपछि भ्रमणको नेतृत्व प्रधानमन्त्रीले गर्ने निर्णय भएको हो। शाहले २४ तारिखमा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने तयारी छ। त्यसपछि २५ तारिख काठमाडौं फर्किने कार्यक्रम रहेको विवरण छ। उनीभन्दा दुई दिनअघि परराष्ट्रमन्त्री खनालको टोली राष्ट्रसंघ जाने कार्यक्रम तय भएको छ।

■■■

### विवादित...

जनमत पार्टीको सुरुवाती चरणमा पार्टीको केन्द्रीय कार्यालयसमेत साहकै भक्तपुरस्थित घरमा राखिएको थियो। जनमत पार्टीकी तत्कालीन सांसद गोमा लाभलाई प्रतिनिधिसभाबाट हटाउने विषयले पनि उनीहरूबीचको दूरी बढाएको थियो। पार्टीको अनुशासन आयोगको प्रमुख रहेका साहले गोमा लाभलाई सांसद पदबाट हटाउने निर्णयमा पुनर्विचार गर्न आग्रह गरेका थिए। अध्यक्ष राउतले लाभलाई सांसद पदबाट हटाउन तत्कालीन सभामुख देवराज घिमिरेलाई पटकपटक पत्र पठाए पनि सभामुख घिमिरेले त्यसअनुसार निर्णय नगरेको बताइन्छ।

सम्बन्ध थप बिग्रिएपछि जनमत पार्टीले साहसँग स्पष्टीकरण मागेको थियो। पार्टीले स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै उनलाई निलम्बन गर्‍यो र गत साउनमा साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको थियो।

जनमतबाट बाहिरिएपछि आफ्नै नेतृत्वमा 'जनस्वराज पार्टी' गठन गरी निर्वाचन आयोगमा दर्ता गराए। पछि साहले 'सर्वोदय' नामको अर्को राजनीतिक दल गठन गरी निर्वाचन आयोगमा दर्ता गराए। उक्त दलले 'मकैको घोगा' चुनाव चिह्न प्राप्त गरेको थियो। सर्वोदयमा पनि जनमत पार्टीबाट अलग भएका तथा निष्कासनमा परेका नेताहरूको उल्लेख्य सहभागिता थियो।

फागुन २१ गतेको निर्वाचन नजिकिँदै गर्दा साह स्वयं राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरे। त्यसक्रममा उनको नेतृत्वमा रहेको सर्वोदय पनि रास्वपामा विलय भयो। रास्वपाबाट सुनसरी-४ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका साहले कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीलाई पराजित गरेका थिए।

■■■

### मलेसियाको...

कहाँ पुगेर हाम्रो संवादले कस्तो रूप लिन्छ भनेर यकिन गर्न सकिँदैन,' आचार्यले भनिन्।

सरकारले व्यवसायीका साथै मलेसियामा काम गरिरहेका तथा उक्त मुलुक जाने तयारीमा रहेका श्रमिकको हकलाई पनि ध्यानमा राखेर संवाद गरिरहेको आचार्यले बताइन्। हाल एफडब्ल्युसिएमएसमा सूचीकृत व्यवसायीहरूले सहायक संस्थाहरूको सूची बनाइरहे पनि नेपालको कानुनविपरीतको काम गर्ने जो कोही कारबाहीको दायरामा आउने उनको भनाइ छ।

'हामीले कुनै पनि संस्थाको सन्दर्भमा एक्सन लिँदा उहाँहरूले गरेका गतिविधि भन्दा पनि प्रिन्सिपल र एसोसिएट्स एजेन्सी भन्ने कानुनी प्रावधान छ कि छैन भन्ने विषयमा अनुसन्धान भइरहेको छ,' उनले भनिन्, 'कानुनको खिलापमा भए त्यस्ता संस्थाहरूलाई कारबाही हुन्छ।'

मलेसिया नेपाली श्रमिकको प्रमुख रोजगार गन्तव्य हो। हाल पूर्णरूपमा मलेसियाको रोजगारी खुल्ने तयारी भइरहँदा सीमित व्यवसायीलाई मात्र श्रमिक पठाउने अधिकार दिन लागिएपछि त्यसविरुद्ध व्यवसायीहरू संघर्षरत छन्। व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारका विभिन्न निकायको ध्यानाकर्षण गराउँदै आएको छ। एकाधिकारमा संलग्न व्यवसायीको एलटी ब्लक गरेर कुनै पनि मुलुकमा काम गर्न नपाउने बनाइनुपर्ने व्यवसायीको माग छ। ■■■

### प्रतिनिधिसभामा...

बंगलादेशमा ल्याएर विवादित भएको मोडल नेपालमा पनि ल्याउन खोजिँदै छ। यसले पनि गम्भीर शंका उब्जाएको छ।'

सांसद राईले नेपालको संविधान तथा ऐनले बजारलाई खुला र व्यवस्थित बनाउने परिकल्पना गरेको अवस्थामा यस्तो प्रवधान मान्य हुन नसक्नेसमेत बताए। सबै व्यवसायीलाई स्वच्छ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न उनले आग्रहसमेत गरे।

यसैबीच, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले प्रतिनिधिसभामा सिण्डिकेटको विषय उठाएकोप्रति सांसद राईलाई धन्यवाद दिएको छ। एसोसिएसनका महासचिव सुमनराज पाण्डेले एसोसिएसनको विशेष पहलमा संसद्मा यो विषय उठेको बताएका हुन्। 'हामी सिण्डिकेटकोविरुद्ध निरन्तर संघर्षमा छौं। सरोकारवालालाई निरन्तर दबाब दिँदै आएको लोकतान्त्रिक एसोसिएसनको पहलमा माननीय निस्कल राईले संसद्मा हाम्रो आवाज बोलिदिनुभएको छ। उहाँलाई धन्यवाद,' महासचिव पाण्डेले भने।


## बिमालेख हरायो

मिति २०८३/०२/२० गते थानकोटदेखि कालिमाटीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : Shoba Basnet**
**बिमालेख नं.: 110005793**
**कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.**
**ठेगाना : Thakre-03, Dhading, Nepal (Chandagiri, Thankot)**
**सम्पर्क नं : 9851049479**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०५/२६**

यस कम्पनीको मिति २०८३/०५/२० को सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **खोट्पा कन्स्ट्रक्सन प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२४ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **सुजन साजन कन्स्ट्रक्सन प्रा.लि**. (प्रा.लि.नं. ३०५९५९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०५/२६ गते

यस कार्यालयमा मिति २०५७/०५/०२ मा दर्ता कायम भएको **अल्फा नेपाल इण्टरनेशनल ट्रेड कर्न्सन प्रा. लि. (प्रा.लि.नं. १३६३२/२०५७/०५८)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीसँग कसैको लिन, दिन, तिर्नु बुझाउनु पर्ने दायित्व भए स-प्रमाण **हकदावी**को लागि **३५** दिनभित्र सम्बन्धित कार्यालयमा दावी गर्न आउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०५८/०१/०४ मा दर्ता भएको **गणपति गाड्र्स सप्लायर्स प्राइभेट लिमिटेड (प्रा.लि. नं. १५५०१)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

**आलन इन्टरनेशनल ल्याङ्गवेज इन्स्टिच्यूट प्रा.लि.को मिति २०८३/०५/१५ मा सम्पन्न विशेष वार्षिक साधारण सभाले प्रस्ताव पारित गरी कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (२) को (क) बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोही ऐनको दफा १२७ को उपदफा १ बमोजिम लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाणसहित सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त मितिपछि प्राप्त दाबी विरोध उपर कुनै कारवाही नहुने व्यहोरो समेत जानकारी गराइन्छ।**

लिक्वीडेटरः **रामप्रसाद गौतम**
ठेगानाः **अनामनगर, काठमाण्डौ। फोनः ०१-४१०२७२०, ९८४१२५८११५**

## आवश्यकता !

प्रतिष्ठित जापानीज भाषा विद्यालयको लागि
योग्य र अनुभवी शिक्षकको आवश्यकता
N1 योग्यता भएको जापानीज भाषा शिक्षक

आवश्यक योग्यता

पद: Japanese Language Teacher with N1 Qualification
जापानमा बसाई: Minimum 2 Years Staying in Japan (Working or Student)
शैक्षिक योग्यता: Bachelor
लिंग (Sex): पुरुष / महिला
आवश्यक संख्या: 1
उमेर: 25 देखि 50 वर्ष
समय: Full Time
अवधि: 1 वर्ष

तलब
आपसि सहमतिमा निर्धारण गरिनेछ।

सम्पर्क:
Hinata Japanese Language School
Tel: 01-5911750
Email: school.hinata@gmail.com

इच्छुक व्यक्तिहरुले आफनी CV सहित सम्पर्क गर्नुहोला।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, २६ भदौ, २०८३

| | |
|---|---|
| **मेष** | काममा उत्साह बढ्नेछ। आर्थिक पक्षमा सुधार आउने सम्भावना छ। |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन्। पारिवारिक वातावरण सुखद रहनेछ। |
| **मिथुन** | नयाँ अवसर प्राप्त हुन सक्छ। बोलीमा संयम अपनाउनु राम्रो हुनेछ। |
| **कर्कट** | मेहनतअनुसार परिणाम प्राप्त हुनेछ। स्वास्थ्यमा सामान्य सुधार रहनेछ। |
| **सिंह** | जिम्मेवारी बढ्न सक्छ। महत्वपूर्ण निर्णय सोचविचार गरेर लिनुहोस। |
| **कन्या** | व्यापार तथा काममा लाभ मिल्ने संकेत छ। सहकमीको सहयोग प्राप्त हुनेछ। |
| **तुला** | आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस। सम्बन्धमा मधुरता कायम हुनेछ। |
| **वृश्चिक** | नयाँ योजना सुरु गर्न अनुकूल समय छ। आत्मविश्वास बढ्नेछ। |
| **धनु** | काममा सफलता मिल्नेछ। यात्राको अवसर आउन सक्छ। |
| **मकर** | आर्थिक लाभको सम्भावना छ। पारिवारिक सहयोगले मन उत्साहित हुनेछ। |
| **कुम्भ** | नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। धैर्यपूर्वक काम गर्नु लाभदायक हुनेछ। |
| **मीन** | रोकिएका काम पूरा हुनेछन्। नयाँ सम्पर्कले भविष्यमा फाइदा पुर्‍याउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ भदौ, २०८३ (११ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५१.८८ | १५२.४८ |
| युरो | १ | १७६.५४ | १७७.२४ |
| पाउन्ड स्टिर्लङ | १ | २०५.५२ | २०६.३३ |
| स्विस फ्रैन्क | १ | १८७.३७ | १८८.११ |
| अस्ट्रेलियन डलर | १ | १०९.५८ | ११०.०१ |
| क्यानाडियन डलर | १ | ११०.१७ | ११०.६१ |
| सिङगापुर डलर | १ | १२०.०५ | १२०.५२ |
| जापानी येन | १० | ९.८८ | ९.९२ |
| चिनियाँ युआन | १ | २२.६४ | २२.७३ |
| साउदी अरब रियाल | १ | ४०.४५ | ४०.६१ |
| कतारी रियाल | १ | ४१.६७ | ४१.८३ |
| थाई भाट | १ | ४.६२ | ४.६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.३५ | ४१.५२ |
| मलेसियन रिङेट | १ | ३७.३२ | ३७.४७ |
| दक्षिण कोरियन वन | १०० | ११.३४ | ११.३९ |
| स्विडिस क्रोनर | १ | १५.८२ | १५.८८ |
| डेनिस क्रोनर | १ | २३.६२ | २३.७१ |
| हङकङ डलर | १ | १९.३७ | १९.४४ |
| कुवेती दिनार | १ | ४९५.२९ | ४९७.२४ |
| बहराइन दिनार | १ | ४०२.८४ | ४०४.४३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

# लोमान्थाङमा भूकम्पबाट ३० घरमा क्षति

**मुस्ताङ–** यही भदौ २३ गते लोमान्थाङ केन्द्रबिन्दु भएर गएको भूकम्पको परकम्पले (नेपाल-चीन) उत्तरी कोरलानाकासँग जोडिएको लोमान्थाङ गाउँपालिकाका विभिन्न स्थानमा ढुंगा र माटोले बनेका ३० भन्दा बढी घर पूर्णरूपमा क्षति भएका छन् ।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङका अनुसार लोमान्थाङ गाउँपालिकाअन्तर्गत लोमान्थाङ-५ बाहेक अन्य वडामा मंगलबार रातिको भूकम्पले सयौं घरमा क्षति पुगेको छ । लोमान्थाङ गाउँपालिकामा भूकम्पको क्षति विवरण संकलन बुधाबारदेखि थालिएको छ । अध्यक्ष गुरुङ र उपाध्यक्ष छचुमी विष्टसहितका जनप्रतिनिधि तथा गाउँपालिकाका कर्मचारी, इलाका प्रहरी कार्यालय लोमान्थाङ, छोसेर प्रहरी चौकी, सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) र एक्याप लोमान्थाङका प्रतिनिधीहरूले लोमान्थाङ क्षेत्रमा गएको भूकम्पको क्षति विवरण संकलन गर्न थालेका हुन् ।

गाउँपालिकाका गुरुङले अहिलेसम्म लोमान्थाङ गाउँपालिकाअन्तर्गत वडा नं ३ को नाम्ग्याल, फुवा र ठिंगर, वडा नं ४ अन्तर्गत किम्लिङ, चुम्जुङ र नाम्डोक तथा वडा नं १ को छोसेर क्षेत्रमा भूकम्पको क्षति विवरण संकलन भएको बताए । लोमान्थाङको वडा नं ३, ४ र वडा नं १ छोसेर गाउँको आधा क्षति विवरण संकलन हुँदा झण्डै ३० घर भूकम्पले पूर्णरूपमा क्षतिग्रस्त बनेका अध्यक्ष गुरुङले जानकारी दिए ।

लोमान्थाङ गाउँपालिका-२ छोसेर र वडा नं ५ को लोमान्थाङमा क्षति विवरण संकलन हुन बाँकी छ । भूकम्पको क्षति विवरण संकलन गर्ने क्रममा लोमान्थाङ-५ बाहेक सबै वडामा भूकम्पको असरले स्थानीयका अधिकांश घरमा आंशिक चिरा परेका र भत्किने खतरा रहेको उनले उल्लेख गरे । लोमान्थाङ क्षेत्रमा भूकम्पले पुऱ्याएको विस्तृत क्षति विवरण संकलन हुन केही समय लाग्ने बताइएको छ ।

भूकम्पले पूर्णरूपमा क्षति भएका घरका बासिन्दालाई तत्कालका लागि समाज घर र पाल टाँगेर पुनःस्थापना गरिएको गाउँपालिकाका अध्यक्ष गुरुङले बताए । भूकम्पले सबैभन्दा बढी क्षति लोमान्थाङ-३ फुवा र त्यस आसपासका गाउँमा परेको छ । लोमान्थाङ क्षेत्रका भूकम्पपीडितको पुनःस्थापना तथा अन्य सहयोगका लागि स्थानीय जनप्रतिनिधिसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको गाउँपालिकाका उपाध्यक्ष विष्टले जानकारी दिए ।

यसअघि जिल्ला प्रहरी कार्यालय मुस्ताङले लोमान्थाङ क्षेत्रमा गएको भूकम्पले फुवामा एउटा घरमा क्षति भएको र लोमान्थाङ-५ लोमान्थाङको छोदे गुम्बाको बाहिर पर्खालमा क्षति पुगेको जनाएको थियो । लोमान्थाङ क्षेत्रमा गएको भूकम्पको असरले उक्त क्षेत्रका स्थानीयबासी प्रभावित भएका छन् । लोमान्थाङ क्षेत्रमा मंगलबार राति ९ बजेर ५३ मिनेट जाँदा पहिलो पटक भूकम्प गएको थियो । गाउँपालिकाका अध्यक्ष गुरुङका अनुसार लगत्तै नौ पटकसम्म भूकम्पको धक्का महसुस गरिएको थियो । भूकम्पको पहिलो धक्का महसुस भएपछि उपल्लो मुस्ताङका बासिन्दा सुरक्षित स्थानको खोजीमा रातभर घर बाहिर निस्किएका थिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रामचन्द्र तिवारीले लोमान्थाङ क्षेत्रमा गएको भूकम्पको पूर्णक्षतिको विवरण प्राप्त भइनसकेको जानकारी दिए । *रासस*

# जलवायु परिवर्तन सम्मेलनको तयारी अन्तिम चरणमा

**मुस्ताङ–** मुस्ताङमा यही भदौ ३० र ३१ गते हुने 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३' को तयारी अन्तिम चरणमा पुगेको छ । विश्वकै चिन्ता र चासोको विषय बनिरहेको जलवायु परिवर्तनको प्रभाव र स्थानीय समुदायम पुऱ्याएको असरलगायतका विषयमा साझा अवधारणा तयार गर्न स्थानीय घरपझोङ गाउँपालिकाले जलवायु सम्मेलनको तयारी गरेको हो । हरितगृह ग्यास उत्सर्जनका कारण जलवायु परिवर्तनले पृथ्वीको तापमान वृद्धिले नेपालका हिमाली, पहाडी र तराईका जिल्लाले भोग्नुपरेका जलवायु संकट र त्यसको समुचित व्यवस्थापनका विषयमा सम्मेलनमा गहन बहस हुने छ ।

जलवायु परिवर्तनबाट भएको असरबाट नेपालमा पुऱ्याइरहेको क्षति र भावी दिनमा पुऱ्याउनसक्ने जोखिमलगायत विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न सम्मेलन आयोजना गर्न लागिएको उक्त गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिए । सम्मेलनमा हिमाल, पहाड र तराई क्षेत्रले भोग्नुपरेका जलवायु संकटका समस्या र चुनौतीको उजागर गरिने उनले बताए । सम्मेलनमा पालिका प्रमुख एवं प्रतिनिधिलाई सहभागी हुन ७५३ वटै स्थानीय तहलाई पत्रचार गरिएको छ । त्यसमध्ये ३५२ वटा पालिकाबाट सम्मेलनमा सहभागी हुने लिखित तथा मौखिक जानकारी प्राप्त भएको अधिकृत बस्नेतले जानकारी दिए ।

त्यस्तै, ७७ वटै जिल्लाका जिल्ला समन्वय समिति प्रमुख, सातवटै प्रदेशका वन, पर्यटन र वातावरण हेर्ने सचिवलाई सम्मेलनमा सहभागी हुन यसअघि नै निमन्त्रणा पठाइसकिएको छ । गाउँपालिका अनुसार पहिलोपटक मुस्ताङमा आयोजना हुने उक्त सम्मेलनमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी तथा जलवायु परिवर्तन र वातावरणका क्षेत्रमा क्रियाशील संघसंस्थाका प्रतिनिधिसमेत गरी दुई हजारभन्दा बढी व्यक्तिको सहभागिता रहने छ ।

यस्तै, नगरपालिका महासंघ गाउँपालिका महासंघ र जिसस महासंघलगायतलाई पनि सम्मेलनमा आमन्त्रण गरिएको छ । सम्मेलनमा सहभागी तथा अतिथिको आवास तथा भोजनको व्यवस्थापनका लागि गाउँपालिकाले पालिकाभित्रका साना र ठूला गरी १०० भन्दा बढी होटल दुई दिनका लागि बुकिङ गरिसकेको छ । कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले भदौ ३० गते उद्घाटन गर्नुहुने त्यस सम्मेलनमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेयसमेत विशेष अथितिका रूपमा सहभागी हुने छन् ।

प्रमुख प्रशासकीय अधिकृत बस्नेतका अनुसार सम्मेलनमा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), डब्लुडब्लुएफ, प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय संघ (आइयुसिएन), त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम केन्द्र विभाग र वातावरणविज्ञ केन्द्रीय विभाग, राष्ट्रिय विपद् जोखिम तथा पुनर्निर्माण प्राधिकरण र कृषि वन तथा पर्यावरण मन्त्रालयलगायतका विज्ञ टोलीको सहभागिता रहने छ ।

सम्मेलनको पहिलो दिन उद्घाटन र जलवायुसँग सम्बन्धित विषयमा केन्द्रित रही चरणबद्ध समूहगत छलफल हुनेछ । सम्मेलनमा जलवायुसँग सम्बन्धित सबै स्थानीय तहमा जलवायु परिवर्तनले पारेका असरसम्बन्धी फोटो प्रदर्शनी गरिने छ । सम्मेलनमा स्थानीयस्तरमा पाइने कृषि तथा पशुपालनसम्बन्धी उत्पादनका ५० भन्दा बढी प्रदर्शनीकक्ष राखिने जनाइएको छ । त्यस्तै, दोस्रो दिन ७५३ वटै स्थानीय तह तथा जलवायु विज्ञले पेस गरेका अवधारणापत्रलाई समावेश गरी ऐतिहासिक घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३ को साझा घोषणापत्र जारी गरिने भएको छ । *रासस*

# बाढीप्रभावित क्षेत्रको पुनर्निर्माणमा युएनओपिएसले सहयोग गर्ने

**काठमाडौं (प्रस)–** रसुवा बाढीबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण तथा दीर्घकालीन एकीकृत विकासमा संयुक्त राष्ट्रसंघीय परियोजना सेवा कार्यालय (युएनओपिएस)ले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । पूर्वाधार विकासमन्त्री सुनिल लम्साल र युएनओपिएसका एसिया तथा प्रशान्तका निर्देशक सारा नेट्जरबीच बिहीबार मन्त्रालयमा भएको भेटवार्तामा रसुवामा बाढीपछिको एकीकृत पुनर्निर्माण तथा पूर्वाधार विकासका विषयमा छलफल भएको हो ।

भेटमा मन्त्री लम्सालले भदौ १० गतेको बाढीबाट पूर्वाधार क्षेत्रमा ठूलो क्षति पुगेको जानकारी दिँदै क्षतिग्रस्त संरचनाको पुनःस्थापना तथा पुनर्निर्माणका लागि मन्त्रालयसहित सरकारका सम्पूर्ण संयन्त्र अहोरात्र परिचालित रहेको बताए । मन्त्री लम्सालले जलवायु परिवर्तनका असरलाई केन्द्रमा राखेर विकास निर्माणका योजना अघि बढाइरहेको उल्लेख गर्दै क्षतिग्रस्त त्रिशूलीलगायतका क्षेत्रमा एकीकृत विकास योजनाअन्तर्गत खानेपानी, अस्थायी आवास तथा अन्य अत्यावश्यक पूर्वाधार निर्माणका कामलाई प्राथमिकताका साथ अघि बढाइएको बताए ।

युएनओपिएसकी क्षेत्रीय निर्देशक नेट्जरले नेपालको दीर्घकालीन तथा एकीकृत विकासका लागि संस्थागत सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए । उनले युएनओपिएसको अन्तर्राष्ट्रिय अनुभव तथा प्राविधिक विशेषज्ञतालाई नेपालको पुनर्निर्माण योजनासँग जोड्दै दिगो विकासका लागि उपलब्ध वैदेशिक सहायता एकीकृतरूपमा परिचालन गर्न प्राविधिक तथा आर्थिक सहयोग गर्ने बताए ।

निर्देशक नेट्जरले बाढीप्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने खानेपानी, भवन, पुललगायतका पूर्वाधार निर्माण तथा पुनर्स्थापनाका लागि आवश्यक सहयोग उपलब्ध गराउन युएनओपिएस तयार रहेको प्रतिबद्धता व्यक्त गरे । छलफलमा युएनओपिएसका नेपाल प्रतिनिधि अलेक्जान्ड्रा राडेटिक, दक्षिण एसिया बहुद्देश्यीय निर्देशक चार्ल्स क्यालन, वरिष्ठ पूर्वाधार सल्लाहकार रिको वालेन्टालगायत उच्च अधिकारीहरूको सहभागिता थियो । यसअघि युएनओपिएसको उच्चस्तरीय प्राविधिक टोली भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरेको थियो ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
सानोश्री शाखा, सानोश्री बर्दीयाको

## बचत डिपोजिट उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धि सूचना

**प्रकाशित मितिः २०८३/०५/२६**

श्री दुर्गादत्त उपाध्याय/श्रीमती विसेश्वरी शर्माको छोरा, श्रीमती शोभा देवी शर्माको श्रीमान, लुम्बिनी प्रदेश बर्दिया जिल्ला सानोश्री गा.वि.स. वडा नं.०५ (परिवर्तित मधुवन न.पा. वडा नं.०६) स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं.०६ बस्ने श्री **खगराज शर्मा** (ना.प्र.नं ९६३/३४७३, जारी मिति २०४४/१२/०९, जि.प्र.का. बर्दिया) को नाममा यस बैंकको शाखा कार्यालय सानोश्रीबाट बचत खाता नं. ०४५०१०००००३९४०२७ उपभोग गरी आउनु भएकोमा निजको श्रीमती शोभा देवी शर्मा (ना.प्र.नं ३०४५-६००९५२४३, जारी मिति २०४६/०२/३१, जि.प्र.का. बर्दिया) ले श्रीमान खगराज शर्मा को मिति बि सं २०८२/०४/०५ गते मृत्यु भएको भनी मृतकको हकवाला श्रीमती शोभा देवी शर्मा ले यस बैंकमा रहेको उक्त बचत खाता उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति बि.स.२०८३/०४/२५ मा आवश्यक कागजात सहित यस बैंकको सानोश्री शाखा कार्यालयमा निवेदन दिनु भएको हुदाँ निज मृतकको नाममा यस बैंकमा रहेको बचत खातामा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय सानोश्री, बर्दियामा हकदाबी गर्न आउनु होला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम निवेदकको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL



## नाफिन बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं महानगरपालिका वडा नं.२५, न्हयैकन्तला, असन

## कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/११**
**प्रथम पटक प्रकाशित मिति २०८३/०२/१८**
**दोस्रो पटक प्रकाशित मितिः २०८३/०५/२६**

यस संस्थाबाट कर्जा लिनु हुने तपशिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम धनि संस्था सँग गरेको शर्त बमोजिम तिर्नँ बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नँ भएकोले तपशिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तरताकेता गर्दा समेत साँबा, व्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हाल सम्म पनि यस सस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जाना, दै दस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकीएको समय भित्र पनि उल्लेखित अनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षपणको लागि लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सँग सम्बन्धीत अन्य पक्ष र धनी संस्था विच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साथी एंवम धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धीत अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै कालो सुचीमा नाम समावेश गर्नका लागि लेखी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो रहेको सम्पत्तिको विवरण |
| --- | --- | --- | --- | --- |
| १) | **नाम : बिमला माझी**<br>बाबु : काली बहादुर माझी<br>बाजेः बल बहादुर माझी<br>नागरीकताः २०/०१/७४/०७३६२<br>जारी मिति : २०७४/१२/०९ जिल्ला प्रशासन कार्यालय सिन्धुली | सिन्धुली जिल्ला मरिण गा.पा.वडा नं. ७ |  | काठमाडौं जिल्ला नँया नैकाप गा.वि.स.वडा नं.३ सिट नं १०२११४०२२ कित्ता नं.८१ क्षे.फ.७९.४८ ब.मी. जग्गा |
| क) | **धन जमानी बस्ने :- अमर बहादुर माझी**<br>बाबु : ज्ञान बहादुर माझी<br>बाजेः सुर विर माझी<br>नागरीकताः २९९८/१०५७३<br>जारी मिति : २०४४/०६/०६ जिल्ला प्रशासन कार्यालय सिन्धुली | सिन्धुली जिल्ला महादेवस्थान गा.वि.स.वडा नं.५ |  | |
| ख) | **धन जमानी बस्ने :- बिरेन्द्र कुमार माझी**<br>बाबु : अमर बहादुर माझी<br>बाजेः ज्ञान बहादुर माझी<br>नागरीकताः ५०१७९ प्रतिलिपि<br>जारी मिति : २०६३/०५/२३ जिल्ला प्रशासन कार्यालय सिन्धुली | सिन्धुली जिल्ला महादेवस्थान गा.वि.स.वडा नं.५ |  | |
| ग) | **धन जमानी बस्ने :- निरोज माझी**<br>बाबु : अमर बहादुर माझी<br>बाजेः ज्ञान बहादुर माझी<br>नागरीकताः २०१०२८/४५८<br>जारी मिति : २०६८/०८/०६ जिल्ला प्रशासन कार्यालय सिन्धुली | सिन्धुली जिल्ला महादेवस्थान गा.वि.स.वडा नं.५ |  | |
| २) | **नामः बन्दना अधिकारी**<br>बाबु : बिजय सिं बर्मा (अधिकारी)<br>बाजेः जित बहादुर अधिकारी<br>नागरीकताः ६३०९<br>जारी मिति : २०५२/०८/१९ जिल्ला प्रशासन कार्यालय काठमाडौं | काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ७ |  | काठमाडौं जिल्ला का.म.न.पा..वडा नं.८ सिट नं १०६८ ११ कित्ता नं.१८३ क्षे.फ. ०-४-२-१ जग्गा |
| क) | **धन जमानी बस्ने :- सोनिमा थापा**<br>बाबु : रुबी जंग थापा<br>बाजे : कृष्ण जंग थापा<br>नागरीकता : २७१०६०/१२९८८७<br>जारी मिति : २०७१/०३/०१ जिल्ला प्रशासन कार्यालय काठमाडौं | काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ७ |  | |
| ३) | **नाम : असली तामाङ्ग**<br>पति : शंकर तामाङ्ग<br>ससुराः नारायण तामाङ्ग<br>नागरीकताः २८/०१/०७०/०३०३९<br>जारी मिति : २०७०/०५/०४ जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६ |  | काभ्रेपलाञ्चोक जिल्ला शारदा (बत्तासे) वडा नं.७ कित्ता नं.१११० क्षे.फ. ३-४-१-० जग्गा |
| क) | **नाम : माया तामाङ्ग**<br>पति : राम शरण तामाङ्ग<br>ससुराः नारायण तामाङ्ग<br>नागरीकताः २९०९३<br>जारी मिति : २०६१/०४/१९ जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६ |  | |
| ख) | **धन जमानी बस्ने :- शंकर तामाङ्ग**<br>बाबु : नारायण तामाङ्ग<br>बाजेः मन बहादुर तामाङ्ग<br>नागरीकताः ३८४०७<br>जारी मिति :२०६२/०५/२२<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६ |  | |
| | **धन जमानी बस्ने :- राम शरण तामाङ्ग**<br>बाबु : नारायण तामाङ्ग<br>बाजेः मन बहादुर तामाङ्ग<br>नागरीकताः ७४७४०<br>जारी मिति :२०५२/०५/०६<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६ |  | |



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना २६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय पार्वतिपुरबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यवसायीक आवधिक फ्लेक्जी कर्जा**

**ऋणीको विवरण**

नाम : **अनिता किराना पसल** प्रोप्राइटरको नाम : अनिता गुरुङ प्रा.फ.द.नं. : २८०/०७२/०७३
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवन दर्ता मिति : २०७२/०५/१८
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. २३ स्थायी लेखा नं. : ६०३४२३८११

**प्रोपाइटरको विवरण**

धन बहादुर गुरुङको छोरी टेक प्रसाद गुरुङको बुहारी बल बहादुर गुरुङको पत्नी चितवन जिल्ला शिवनगर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. १५ बस्ने **अनिता गुरुङ्ग** (ना.प्र.नं. : १४४१/०४४ जारी मिति र जिल्ला : २०५५/१०/१३, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

नन्द लाल गुरुङको नाति टेक प्रसाद गुरुङको छोरा चितवन जिल्ला शिवनगर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. १५ बस्ने **बल बहादुर गुरुङ** (ना.प्र.नं. : १६९१/०४४/०४५ जारी मिति र जिल्ला : २०५३/०६/१३, चितवन)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८० साल बैशाख महिना २५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८१ साल फागुन महिना १ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
३) मिति २०८२ साल बैशाख महिना १६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
४) मिति २०८२ साल चैत महिना २६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
५) मिति २०८३ साल साउन महिना २१ गतेको न्यूज २४ राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**ख) कर्जाको शिर्षक : साधरण कर्जा**

**ऋणीको विवरण**

नन्द लाल गुरुङको नाति टेक प्रसाद गुरुङको छोरा चितवन जिल्ला शिवनगर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. १५ बस्ने **बल बहादुर गुरुङ** (ना.प्र.नं. : १६९१/०४४/०४५ जारी मिति र जिल्ला : २०५३/०६/१३, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) धन बहादुर गुरुङको छोरी टेक प्रसाद गुरुङको बुहारी बल बहादुर गुरुङको पत्नी चितवन जिल्ला शिवनगर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. १५ बस्ने **अनिता गुरुङ्ग** (ना.प्र.नं. : १४४१/०४४ जारी मिति र जिल्ला : २०५५/१०/१३, चितवन)

२) टेक प्रसाद गुरुङको नाति वल वहादुर गुरुङको छोरा चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १५ बस्ने **डेबिट गुरुङ** (ना.प्र.नं. : ३५-०१-७६-०६४२९ जारी मिति र जिल्ला : २०७६/०५/२४, चितवन)

३) टेक प्रसाद गुरुङको नाति बल बहादुर गुरुङको छोरा चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १५ बस्ने **डेनिस गुरुङ** (ना.प्र.नं. : ३५-०१-७९-०८१४५ जारी मिति र जिल्ला : २०७९/०७/१६, चितवन)

४) मन बहादुर सार्कीको छोरी सन्त बहादुर नेपालीको बुहारी चन्द्र बहादुर नेपालीको पत्नी गोरखा जिल्ला छोप्राक गा.बि.स वडा नं. ७ हाल, चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १५ बस्ने **फुल माया नेपाली** (ना.प्र.नं. : ४४-०१-७३-०९१८७ जारी मिति र जिल्लाः २०७३/१०/०६, गोरखा)

५) चन्द बहादुर परियारको छोरी होम बहादुर परियारको बुहारी डक बहादुर परियारको पत्नी चितवन जिल्ला गीतानगर गा.बि.स वडा नं. ९ हाल, भरतपुर म.न.पा वडा नं. २१ बस्ने **साबित्री परियार** (ना.प्र.नं. : ३९४३/०५७ जारी मिति र जिल्ला : २०५७/११/१४, चितवन)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ साल चैत महिना २५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८३ साल साउन महिना २१ गतेको न्यूज २४ राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
| --- | --- | --- | --- | --- |
| अनिता गुरुङ्ग | चितवन जिल्ला शारदानगर वडा नं. ३ | ३ख | २८३ | ३३८.६३ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असोज महिना ९ गते शुक्रबार भित्र यस बैकको शाखा कार्यालय पार्वतिपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असोज महिना १२ गते सोमबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय पार्वतिपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## बेपत्ताको खोजीमा ध्यान देऊ सरकार !

**गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले मुलुकलाई ठूलो शोक र आर्थिक क्षतिमा धकेलेको छ । बाढी आएको १६ दिन बितिसक्दासमेत विपद्का घाउहरू उस्तै ताजा छन् । गृहमन्त्रालयका अनुसार बाढीमा परी हालसम्म १,३७७ जनाको शव भेटिएको पुष्टि भएको छ भने ५,१३० जना नागरिक अझै बेपत्ता छन् ।**

**सामाजिक सञ्जाल स्क्रोल गर्दा हराइरहेका मानिस खोजिदिन अपिल गरेका पोस्टरहरू छतछुल्ल देखिन्छन् । तर संकटको यो घडीमा आफ्ना प्रियजन गुमाएर छटपटाइरहेका परिवारका लागि राज्यको उपस्थिति फितलो र निराशाजनक देखिएको छ । हराइरहेका हजारौँ नागरिकको खोजी कार्यमा सरकारले गरिरहेको ढिलासुस्ती र उदासीनता अत्यन्तै दुःखद र गैरजिम्मेवारपूर्ण छ ।**

**राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनले बाढीको विनाशलीला र भावी चुनौतीको भयावह चित्र प्रस्तुत गरेको छ । पुनर्निर्माण र पुनरुत्थानका लागि कुल ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रूपैयाँ आवश्यक पर्ने प्रक्षेपण गरिएको छ । विपद् जोखिम न्यूनीकरण, नदी व्यवस्थापन र लेदो पन्छाउन अर्बौं रूपैयाँ लाग्ने आँकडा आफैँमा महत्वपूर्ण छन् । भौतिक पूर्वाधार, ऊर्जा, सडक र अर्थतन्त्रको जग पुनरुत्थान गर्नु राज्यको अनिवार्य दायित्व हो, यसमा दुईमत छैन ।**

**भौतिक संरचनाभन्दा ठूलो कुरा मानवीय जीवन र संवेदना हो । भौतिक संरचनाहरू वर्षौं लगाएर फेरि उठाउन सकिएला, तर हराइरहेका मानिसको श्वास वा उनीहरूको अन्तिम स्थिति थाहा पाउने परिवारको हकलाई बेवास्ता गर्न मिल्दैन । ५ हजारभन्दा बढी मानिस बेपत्ता रहँदा उनीहरूका आफन्त न जीवित पाइने आशामा निर्धक्क हुन सकेका छन्, न त अन्तिम संस्कार गरेर शोक मनाउने स्थितिमै ।**

**आधुनिक प्रविधि, दक्ष जनशक्ति र सुरक्षा निकायको पूर्ण परिचालन गरी खोजी र उद्धार कार्यलाई तीव्र बनाउनु अहिलेको पहिलो प्राथमिकता हुनुपर्छ । दीर्घकालीन पुनर्निर्माणका योजना बनाउँदै गर्दा सरकारले तत्कालका लागि राहत, अस्थायी आवास र बेपत्ता नागरिकको प्रभावकारी खोजीलाई पहिलो शर्त बनाउनुपर्छ । आफ्ना नागरिक संकटमा पर्दा राज्य मेरो साथमा छ भन्ने अनुभूति गराउनु नै लोकतान्त्रिक सरकारको मूल धर्म हो । तसर्थ, बजेट र प्रतिवेदनको जोडघटाउमा मात्र नअल्झिई बेपत्ताको खोजीमा सम्पूर्ण सामर्थ्य लगाउ सरकार ।**

### श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# भोटेकोशी बाढीः प्रलय, पाठ र आगामी बाटो



❑ डा. गंगालाल तुलाधर

"जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, डढेलोजस्ता जोखिम बढाइरहेको अवस्थामा विपद् व्यवस्थापनलाई जलवायु अनुकूलन र उत्थानशील विकाससँग जोड्नुपर्छ । विपद्ले विनाशमात्र ल्याउँदैन, बरू भविष्यलाई अझ सुरक्षित र राम्रो बनाउने अवसरको रूपमा लिँदै अब हामीले हाम्रो इञ्जिनियरिङलाई पनि विचार गर्नुपर्ने हुन्छ । नदीका किनारामा बस्तीमात्रै होइन, जलविद्युत् आयोजना, सडक, पुलजस्ता पूर्वाधारहरू निर्माण गर्दा सम्भावित बाढी, पहिरोबाट हुनसक्ने क्षतिको आँकलन गरेरमात्रै गर्नुपर्छ । यसपटकको भोटेकोशी बाढीबाट हामीले धेरै शिक्षा लिन सक्नुपर्छ ।

हालै रसुवाको भोटेकोशीमा आएको बाढी सामान्य बाढीमात्र नभई कसैले अनुमानसम्म लगाउन नसकिने प्राकृतिक प्रलय नै हो । विगतमा पनि हिमताल विस्फोट भई पटक-पटक आएका बाढीका आधारमा यसलाई विज्ञानमा आधारित भएर न्यूनीकरणका तरिकाहरू अपनाउनुपर्छ भन्ने कुरा संसद्देखि राष्ट्रिय अन्तर राष्ट्रिय मञ्चहरूमा उठाउँदै आएका थियौं । समयमै यसबारेमा हामीले गम्भीरता देखाउन नसक्दा आज यति ठूलो प्रलय भोग्न विवश भयौं । नेपाल जलवायु परिवर्तन, बाढीजन्य विपद्, भूकम्पलगायत विभिन्न बहुप्रकोपीय उच्च जोखिममा रहेको हुँदा यसबाट कसरी सुरक्षित रहन सकिन्छ भन्ने बारेमा विगतमा कहिल्यै गम्भीरता देखाइएको पाइँदैन ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र इसिमोडले केही वर्षअघि नै दिएको प्रतिवेदनमा हिमालय क्षेत्रमा तीन हजार ६२४ वटा हिमताल पहिचान भएका र त्यसमा ४७ वटा ताल कुनै पनि बेला विस्फोट हुनसक्ने अवस्थाको जानकारी दिएको थियो । त्यसमा २४ वटा त नेपालमै पर्ने र अन्य चीन र भारतमा पर्ने उल्लेख छ । यसअघि पनि विभिन्न २५ वटा ताल वा कुण्डहरू विस्फोट भएका थिए र तीमध्ये पछिल्लो दशकमै सेती, थामे, मेलम्चीमा आएको बाढीले जनधनको क्षति गराएको थियो ।

प्रतिवेदनमा अति जोखिममा देखाइएको छ्योरोल्पा हिमताल फुट्दै छ भन्ने सूचनाको आधारमा नेपाली सेनाको सक्रियतामा साइफन जडान गरी तालको पानीलाई बाहिर निकाल्ने काम हुँदा यसले विस्फोटको रूप लिन पाएन । त्यस्तै इम्जा तालको पानीमा सतह घटाएर तल्लो तटीय क्षेत्रलाई सुरक्षित गराउने काम भएको थियो । तर जोखिममा रहेका हिमतालहरूका बारेमा समयमै ध्यान पुऱ्याउन नसक्दा आज भोटेकोशीको बाढीको समस्या भोग्नुपरेको छ ।

नेपालको उत्तरी सीमामा रहेको झण्डै ८०० किलोमिटर पर्वतशृंखला हाम्रा पर्यटकीय सम्पदा हुन् तर आज तिनै ठाउँ हिम विस्फोट वा आइस बमजस्तो बन्न पुगेका छन् । विगत एक दशकका विभिन्न स्थानमा भएका हिमताल विस्फोटका घटनाले हामीलाई जनाउ घण्टी दिएको भए पनि त्यसका आधारमा कसरी सुरक्षित राख्न सकिन्छ भन्नेतर्फ ध्यान दिएनौं ।

यसपटक रसुवाको भोटेकोशीमा आएको बाढीबाट हालसम्म १३ सयभन्दा बढीको ज्यान गइसकेको, चार हजारभन्दा बढी बेपत्ता भएको र निजी तथा सार्वजनिक सम्पत्तिको ठूलो क्षति भएको छ । पुर्ननिर्माणका लागिमात्रै नौ खर्बभन्दा बढी खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । यस्ता विपद्हरू फेरि पनि आउनसक्ने विभिन्न अध्ययनहरूले देखाइरहेको छ । यसले नेपालको अर्थव्यवस्था कसरी अगाडि बढ्न सक्छ ? विपद्मा प्रभावितको उद्धार, राहत, पुनर्निर्माण, पुर्नलाभ र पुनःस्थापना निकै महँगो पर्न जान्छ । विपद् भइसकेपछि क्षति कम गर्नेभन्दा विपद्को सम्भावित जोखिम पहिल्यै पहिचान गरी न्यूनीकरणमा ध्यान दिन आवश्यक छ । त्यसैले विज्ञानमा आधारित पूर्वतयारीलाई आत्मसात् गर्नु नै विपद्बाट सुरक्षित हुने एकमात्र विकल्प हो । विपद्बाट बच्न जडान गरिने अत्याधुनिक पूर्वसूचना प्रणाली करिब सात लाख रूपैयाँमै राख्न सकिन्छ ।

### विपद् व्यवस्थापन कूटनीतिमा जोड

नेपालको भौगोलिक अवस्थाका कारण जलवायु परिवर्तन र सीमापार हुने विपद् (जस्तैः हिमताल विस्फोट वा सीमापार बाढी) लाई रोक्न छिमेकी मुलुकहरूसँग 'विपद् कूटनीति' मार्फत पूर्वसूचना प्रणाली र सहकार्य बलियो बनाउनु आवश्यक छ । उच्च जोखिममा रहेका हिमतालहरू चीनको तिब्बत क्षेत्रको हिमालयमा पर्ने हुँदा चीनसँगको सहकार्य अपरिहार्य छ । तिब्बतमा रहेका हिमताल विस्फोट भई आउने बाढीको असर नेपालमामात्र नभई भारतमासमेत पर्ने हुँदा यसमा भारतसँगको सहकार्य पनि आवश्यक हुन्छ । त्यसैले नेपालले दुवै छिमेकी मुलुकसँग विपद् व्यवस्थापन कूटनीति अपनाएर अगाडि बढ्नुपर्ने हुन्छ ।

नेपालले द्विपक्षीय र बहुपक्षीय तवरबाट विपद् व्यवस्थापन संवादलाई अगाडि बढाउनुपर्छ । खासगरी चीनसँग उच्च प्रविधि र सूचना रहने हुँदा पर्याप्त सहयोग लिन सकिने सम्भावना रहेको छ । केही वर्षअघि चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका अवसरमा भएको अन्तरदेशीय पूर्वसूचना सहमतिको कार्यान्वयनमा नेपालले जोड दिनुपर्छ ।

### राजनीतिक पार्टीहरूको भूमिका महत्वपूर्ण

नेपाल बाह्रै महिना कुनै न कुनै विपद्को उच्च जोखिममा रहेकाले यसको न्यूनीकरण र व्यवस्थापनका लागि आम शिक्षाको जरुरत छ । विपद्को समयमा सबैभन्दा पहिले समुदाय र स्थानीय सरकार नै अग्रसर हुनुपर्ने हुँदा स्थानीय नागरिकहरूमा विपद् शिक्षा र सचेतना बढाउनुपर्ने हुन्छ । यो काम राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई परिचालन गरी गराउन सक्छन् । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० मा राजनीतिक दलले विपद् जोखिम न्यूनीकरण शिक्षा सञ्चालन गर्नुपर्ने भन्ने व्यवस्था नै गरेको छ । दलहरूले स्वयंसेवकहरू तयार गरी परिचालन गर्नु उनीहरूको कर्तव्य मानिएको छ । यो भनेको विपद् पूर्वतयारीको विषय हो ।

त्यस्तै, तल्लो तटीय क्षेत्रमा भूमिको व्यवस्थापन गरी बस्ती र कृषियोग्य जमिनको पहिचान गर्नु आवश्यक छ । कुन ठाउँ बसोबास र कृषिका लागि उपयुक्त छ भन्ने कुरा स्थानीय सरकारले पहिचान गर्न सक्छ । विपद्को पहिलो प्रतिकार्यकर्ता स्थानीय समुदाय भएकाले समुदायको क्षमता, सहभागिता र नेतृत्वलाई प्राथमिकता दिनुपर्छ । स्थानीय तहलाई स्रोत, जनशक्ति, प्रविधि र अधिकार सम्पन्न बनाएर विपद् व्यवस्थापनलाई स्थानीयस्तरमै प्रभावकारी बनाउन सकिन्छ । उसले प्रदेश र संघीय सरकारको सहयोगमा भूमिको व्यवस्थापन गराउन सक्छ ।

विपद्को समयमा संघ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज र गैरसरकारी संस्थाबीच स्पष्ट जिम्मेवारी र प्रभावकारी समन्वय आवश्यक पर्दछ । विपद्पछिको पुनर्निर्माण गर्दा पहिलेको जोखिम दोहोरिन नदिनेगरी अझ सुरक्षित र उत्थानशील संरचना निर्माणमा जोड हुनपर्छ । त्यसैले सरकारले जस्तोसुकै अलोकप्रिय निर्णय गर्नु परे पनि सुरक्षित स्थानमामात्रै बसोबासका लागि अनुमति दिनुपर्ने हुन्छ । यसका लागि पनि राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरूले आफ्ना मतदाताहरूलाई आश्वस्त तुल्याउन सक्नुपर्छ । विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रममै यसम्बन्धी अध्ययन अध्यापन गराई सुरक्षित जीवनयापनको सुनिश्चितता गराउन सकिन्छ ।

### अन्तर्राष्ट्रिय समुदायसँग माग

हाम्रा शिरहरू हजारौं वर्षदेखि बरफ र चट्टान बनेर बसेका छन् । जलवायु परिवर्तनका कारण वाष्पिकरणसँगै मौसमीय प्रणालीमा आउने फेरबदलसँगै ती बरफ वा चट्टानहरू हिमतालमा खस्ने र तालहरू फुट्न गई बाढीको रूपमा तल्लो तटीय क्षेत्रमा क्षति पुऱ्याउने घटनाहरू तीव्र रूपमा बढिरहेका छन् । यसपटकको भोटेकोशीको बाढी पनि यसको पछिल्लो उदाहरण हो । विश्वका औद्योगिक राष्ट्रहरूले गरेको उत्सर्जनका कारण हाम्रा हिमालहरूमा रहेका हिउँलाई छिटोछिटो पग्लिन गई विपद्को अवस्था निम्त्याएका कारण हामीले अर्काले खाएको विष लागेर मर्नुपर्ने अवस्था सिर्जना भएको छ । कार्बन उत्सर्जनमा हाम्रो भूमिका ०.२ प्रतिशत कम भए पनि त्यसको मुख्य असर सहनुपर्ने अवस्थाका बारेमा अब नेपालले जोडदारसँग विश्व समुदायलाई भन्नसक्नु पर्छ ।

प्राकृतिक विपद् रोक्न सकिँदैन तर यसको क्षतिलाई भने न्यूनीकरण गर्न सकिन्छ । विपद् आएपछि उद्धार र राहतमामात्र सीमित नराखी जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनासम्मको समग्र प्रक्रियाका रूपमा हेर्नुपर्छ । सम्भावित विपद्का लागि समुदाय, स्थानीय तह र राज्यका संयन्त्रलाई तयारी अवस्थामा राख्ने तथा प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्नु जरुरी छ । 'सेन्डाई फ्रेमवर्क'जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूलाई नेपालको भूगोल सुहाउँदो गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिन आवश्यक छ ।

जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, डढेलोजस्ता जोखिम बढाइरहेको अवस्थामा विपद् व्यवस्थापनलाई जलवायु अनुकूलन र उत्थानशील विकाससँग जोड्नुपर्छ । विपद्ले विनाशमात्र ल्याउँदैन, बरु भविष्यलाई अझ सुरक्षित र राम्रो बनाउने अवसरको रूपमा लिँदै अब हामीले हाम्रो इञ्जिनियरिङलाई पनि विचार गर्नुपर्ने हुन्छ । नदीका किनारामा बस्तीमात्रै होइन, जलविद्युत् आयोजना, सडक, पुलजस्ता पूर्वाधारहरू निर्माण गर्दा सम्भावित बाढी, पहिरोबाट हुनसक्ने क्षतिको आँकलन गरेरमात्रै गर्नुपर्छ । यसपटकको भोटेकोशीबाट हामीले धेरै शिक्षा लिन सक्नुपर्छ । अब हामी राहत-केन्द्रित व्यवस्थापनबाट जोखिम-न्यूनीकरण र उत्थानशीलतातर्फको रूपान्तरणमा जानुपर्ने हुन्छ ।

राज्यको संस्थागत क्षमता, स्थानीय समुदायको सहभागिता, पूर्वतयारी, समन्वय र सुरक्षित पुनर्निर्माणलाई एकीकृत गरेरमात्र विपद्को मानवीय तथा आर्थिक क्षति घटाउन सकिन्छ ।

*(पूर्वशिक्षामन्त्री एवं विपद् व्यवस्थापनविज्ञ तुलाधरसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

### पाठक मञ्च

## जेन-जी स्मृतिसभाले उब्जाएका गम्भीर प्रश्न

भर्खरै बानेश्वरस्थित पुरानो संसद् भवन परिसरमा आयोजित 'जेन-जी सहिद स्मृतिसभा'को समाचार र त्यससँग जोडिएका घटनाक्रमले प्रत्येक सचेत र नागरिक अधिकारका पक्षधर नेपालीलाई स्तब्ध र आक्रोशित तुल्याएको छ । पुराना राजनीतिक दलहरूका बेथिति, भ्रष्टाचार, र स्वेच्छाचारिताकाविरुद्ध नयाँ पुस्ता (जेन-जी) ले गरेको अभूतपूर्व विद्रोह र त्यस क्रममा जीवन उत्सर्ग गरेका सहिदहरूको सम्मानमा आयोजित सभा आफैंमा अत्यन्त संवेदनशील र पवित्र हुनुपर्ने थियो । तर, उक्त सभाको मञ्चमा देखिएको दृश्य र सुनिएको अभिव्यक्तिले भने सहिदको बलिदानको उपहासमात्र गरेन, नयाँ विकल्प र रूपान्तरणको नारा दिएर सत्तामा पुगेकाहरूको दोहोरो चरित्रलाई पनि उदांगो पारिदिएको छ ।

कार्यक्रममा गृहमन्त्री सुधन गुरुङले पुराना राजनीतिक दलहरूलाई 'सुध्रिन' चेतावनी दिइरहँदा उनकै दायाँ-बायाँ आपराधिक र विवादित पृष्ठभूमिका पात्रहरू विराजमान थिए । धार्मिक तथा साम्प्रदायिक विद्वेष फैलाउने नियतले आफैंमाथि गोली प्रहार गर्न लगाउने र नांगो खुकुरी नचाएर हिंसा भड्काउने आचार्य श्रीनिवास (दिनेशप्रसाद पण्डित) अनि सर्वसाधारणलाई वैदेशिक रोजगार र धार्मिक अनुष्ठानका नाममा करोडौं ठगी गरेर अदालतबाट सजाय पाइसकेका विजय भण्डारी (कृष्णमूर्तिजी महाराज) जस्ता व्यक्तिहरूलाई मञ्चमा विशिष्ट अतिथिका रूपमा राख्नु कुन प्रकारको सुशासन हो ? नयाँ पुस्ताले खोजेको सुशासन र परिवर्तन यही हो ?

पुराना दलहरूलाई 'समय छ, सुध्रिनुस्' भन्दै उपदेश दिने गृहमन्त्रीले आफ्नै मञ्चमा को बसिरहेका छन् भन्ने विचारसम्म पुऱ्याउन नसक्नु गम्भीर गैरजिम्मेवारीपन हो । जो व्यक्ति आफैं समाजमा हिंसा, ठगी र साम्प्रदायिक तनाव फैलाउन उद्यत छ, त्यस्ता व्यक्तिसँग मञ्च साझा गरेर गृहमन्त्रीले कस्तो राजनीतिक संस्कृति निर्माण गर्न खोज्नुभएको हो ? अझ उदेकलाग्दो कुरा त के छ भने, कार्यक्रमको व्यवस्थापनमै ठगी मुद्दामा दोषी ठहरिएका व्यक्ति संलग्न रहेको र सहिदका नाममा दीप प्रज्वलन गर्दा तिनै विवादित पात्रहरूले गृहमन्त्रीलाई सहयोग गरिरहेको दृश्यले आन्दोलनका वास्तविक सहिद, तिनका पीडित परिवार र घाइतेहरूको घाउमा नुनचूक छर्कने काम गरेको छ ।

यो विषयमा आफ्नै पार्टीकी सचेतक तथा सांसद क्रान्तिशिखा धितालले सार्वजनिकरूपमा प्रश्न उठाउँदा गृहमन्त्रीले आत्मालोचना गर्नुको साटो उल्टै सांसदलाई हप्काएको खबर बाहिरिनु झनै खेदजनक छ । प्रश्न सोध्ने आफ्नै सहकर्मीलाई दबाउने र विवादित पात्रहरूलाई संरक्षण दिने प्रवृत्तिले पुराना र नयाँ भनिएका दलहरूबीचको भिन्नतालाई समाप्त पारिदिएको छ । आयोजकले 'पृष्ठभूमि थाहा नभएको' भन्दै पन्छिन खोज्नु र गृहमन्त्रीले 'फेरि गोली चल्न सक्छ' भन्दै गैरजिम्मेवार र धम्कीपूर्ण अभिव्यक्ति दिनुले यो सरकारको सोच र कार्यशैलीप्रति नै गम्भीर आशंका पैदा गरेको छ ।

जेन-जी आन्दोलन कुनै व्यक्ति वा विवादित धर्मगुरुहरूको राजनीतिक स्वार्थपूर्ति गर्ने मञ्च थिएन । यो त देशमा विधिको शासन, पारदर्शिता र राजनीतिक शुद्धीकरणका लागि युवाहरूले गरेको रगतको सौदा थियो । यदि नयाँ शक्तिहरूले पनि तिनै आपराधिक, ठग र साम्प्रदायिक तत्वहरूलाई काखमा राखेर पुराना दललाई गाली गरिरहने हो भने नागरिकले कसलाई विश्वास गर्ने ?

तसर्थ, गृहमन्त्री गुरुङले यस घटनाको नैतिक जिम्मेवारी लिँदै आमनागरिक र सहिद परिवारसँग सार्वजनिक माफी माग्नुपर्छ । राजनीतिक मञ्चहरूलाई आपराधिक र विवादित पृष्ठभूमि भएका व्यक्तिहरूको शुद्धीकरण गर्ने थलो बनाउने कार्य तत्काल रोकिनुपर्छ । परिवर्तनको नारा भजाएर सुशासनको उपहास गर्ने छुट कसैलाई छैन । यदि समयमै यी गल्तीहरू नसच्याउने हो भने, पुराना दलहरूजस्तै नयाँहरू पनि इतिहासको 'डम्पिङ साइट'मा पुग्न धेरै समय लाग्ने छैन ।

**- अंकित श्रेष्ठ**
धापाखेल, ललितपुर



**जलमग्न अस्पताल** | बिहीबार दिउँसो परेको वर्षापछि ढल निकासको उचित व्यवस्था नहुँदा जलमग्न बनेको दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसर । सामान्य वर्षा हुँदासमेत परिसरमा पानी जम्ने गर्दा उपचारका लागि आएका बिरामी, कुरुवा तथा स्वास्थ्यकर्मीले सास्ती खेप्दै आएका छन् । *तस्बिरः रासस*

# न्यायको थलो बन्दै सुदूरका 'न्यायिक समिति'

**महेन्द्रनगर–** जनचेतनाको स्तरवृद्धिसँगै सुदूरपश्चिम प्रदेशका स्थानीय पालिकाहरूमा न्यायका लागि उजुरी दिनेको संख्या बढ्दै गएको छ भने न्याय समितिप्रति जनविश्वास पनि बढ्दै गएको छ । ८८ वटा स्थानीय तह रहेको सुदूरपश्चिममा त्यही संख्यामा पालिकाहरूमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति क्रियाशील छन् । कञ्चनपुरको भीमदत्त नगरपालिकाकी उपप्रमुख नीलम लेखक जोशीले न्यायिक समितिमा गाउँ टोलबाट उजुरी आइरहेको बताइन् ।

'हाम्रोमा अहिले घरेलु हिंसाका उजुरी आउने क्रम न्यून छ,' उनले भनिन्, 'जग्गाको सिमाना विवाद, सामान्य घरायसी झैझगडा, अंश विवादलगायत विवाद समितिमा आउँछन् ।' सामान्य विवाद समितिमा आए पनि धेरै उजुरीहरू फर्स्योट भइसकेको उपप्रमुख जोशीको भनाइ छ ।

'समितिले न्याय दिन नसक्ने प्रकृतिका मुद्दाहरू अदालत जान्छन् । हामीलाई अदातलबाट पनि बेलाबखतमा पालिकामा आएर अनुशिक्षण दिने र अनुगमन गर्ने काम हुन्छ,' उनले भनिन्, 'धेरैजसो विवाद त वडास्तरमा परिचालन गरिएका मेलमिलापकर्ताहरूबाट समाधान भइहाल्छ ।' भीमदत्त नगरपालिकाको न्यायिक समितिमा गत आर्थिक वर्षमा १५ वटा मुद्दा परेका थिए । जसमा मिलापत्र हुन नसकेका दुई मुद्दा अदालत पठाइएको समितिले जनाएको छ ।

न्यायिक समितिप्रतिको विश्वास बढ्दै जान थालेपछि यहाँका दूरदराजका पालिकाहरूमा पनि स्थानीयले न्यायिक समितिमा उजुरी दिनेहरूको संख्या बढ्दै गएको देखिन्छ । दार्चुलाको अपिहिमाल गाउँपालिकाकी उपाध्यक्ष देवी बोहरा न्यायिक समितिमा स्थानीयहरूले मजदुरी गरेर ज्याला नपाएको गुनासोसहितको उजुरी आउने गरेको बताउँछिन् । 'जग्गा विवाद र सामान्य झैझगडाका घटनामा पनि समितिमा आउँछन्,' बोहराले भनिन्, 'जनचेतनाको स्तर बढेकाले पनि विगतको जस्तो उजुरी आउने गरेको छैन ।' उनले न्यायिक समितिका लागि आवश्यक पर्ने भौतिक संरचना र कर्मचारीसहित समिति क्रियाशील रहेको बताइन् ।

डोटीको जोरायल गाउँपालिकाकी उपाध्यक्ष जमुना बोहरा रोकायाले घरेलु हिंसाका घटनासम्बन्धी उजुरीहरू बढी आउने गरेको बताइन् । 'सामान्य घरेलु हिंसा, जग्गाको साध सीमाना विवाद र वृद्धा आमाहरूलाई पालन पोषणको विषयसम्बन्धी विवादलगायतका घटना आउँछन्,' उनले भनिन्, 'यहाँका छ वटै वडामा मेलमिलापकर्ता पनि खटिएका छन् ।' उनले न्यायिक समितिमा आएका सबै उजुरीहरू फर्स्योट भइसकेको जानकारी दिइन् ।

त्यसैगरी बूढीनन्दा नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक रामबहादुर बोहराले समितिमा गत वर्षमात्रै ३११ उजुरी आएको बताए । 'पैसा लेनदेन, जग्गा विवाद, ज्याला मजदुरीको रकम नपाएको लगायत उजुरी धेरै आउँछन्,' बोहराले भने, 'गत वर्ष आएका उजुरीमध्ये ११ वटा फर्स्योट हुन बाँकी छन् ।' उनले गाउँघरमा न्यायिक समितिप्रतिको भरोसाका कारण उजुरी आउने क्रम वृद्धि भइरहेको बताए ।

'प्रहरी/प्रशासनमा जाँदा समय खर्च हैरानी बढी मान्छन् । समितिमा सहजरूपमा कुराकानी राख्ने वातावरण पनि हुन्छ,' उनले भने, 'यहाँ आउनेहरूलाई मिलापत्र गराएर पठाइरहेका हुन्छौं ।' त्यसैगरी कैलालीको जानकी गाउँपालिकाकी उपाध्यक्ष जानकीदेवी कठरियाले पालिकाको न्यायिक समितिमा आर्थिक लेनदेन र जग्गा साध सीमासम्बन्धीका विवादहरू धेरै आउने गरेको बताइन् ।

'वार्षिक सयौं उजुरी आए पनि समितिले अधिकांश मेलमिलाप नै गराएर पठाएको छ,' उपाध्यक्ष कठरियाले भनिन्, 'पालिका र वडास्तरसम्म यसप्रकारका घटनाहरू मिलापत्र हुँदा स्थानीय प्रशासनलाई पनि कामको चाप कम हुन्छ ।'

सात पहाडी जिल्ला र तराईको कैलाली कञ्चनपुरका सबै पालिकाहरूका न्यायिक समितिहरू सक्रियरूपमा उजुरी/गुनासा सम्बोधनमा खटिएका छन् । अछामको रामारोशन गाउँपालिकाकी उपाध्यक्ष सिर्जनादेवी बुढाले आर्थिक लेनदेन, घरेलु हिंसा र बालबालिकाका मुद्दा आउने गरेको बताइन् । 'बालविवाह र बहुविवाहका मुद्दाहरू हामीले अदालत पठाउने गरेका छौं,' उपाध्यक्ष बुढाले भनिन्, 'न्यायिक समितिमा आउँदा मिलापत्र भएर गएपछि दीर्घकालीन समाधान भइरहेका हुन्छन् ।' उनले स्थानीय नागरिकहरू पालिकामा गुनासो/उजुरी लिएर आउने क्रम मध्यम रहेको बताइन् ।

यता जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले पालिकास्तरमा न्यायिक समितिसँगै प्रहरीमा पनि उजरी आउने क्रम रहेको बताए । 'समितिहरूले वडास्तरमा काम गरिरहेकै छन् तर पनि प्रहरीमा उजुरी आउने क्रम छ,' उनले भने, 'दैनिक घरायसी झगडा सबै किसिमका उजुरी लिएर स्थानीयवासी प्रहरीमा आएकै छन् ।' *रासस*


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP132 90 CM MATT BLACK(R17) | N/A | CHINA | PCS | 22,100.00 | 32,500.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP133 90CM GRIT BLACK (R5) | N/A | CHINA | PCS | 20,800.00 | 30,500.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP118 90CM MATT BLACK (R5) | N/A | CHINA | PCS | 17,200.00 | 26,000.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP139 90CM MATT BLACK (R17) | N/A | CHINA | PCS | 21,800.00 | 32,000.00 | |

बिक्रेता फर्मको नाम : Panchasorna Group Pvt. Ltd. — स्थायी लेखा नं: 606749170
ठेगाना : Pepsikola-32, Kathmandu, Nepal — फोन नं: 9801171012

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, बानेश्वरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०५/२६ गते शुक्रबार, प्रभाव दैनिक राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** काठमाण्डौ महानगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रदेश न ३, काठमाण्डौमा काठमाण्डौं महानगरपालिकाको अर्थ सम्बन्धी बनेको आर्थिक ऐन, २०७३ वमोमिम मिति २०७६/०५/१२ गते दर्ता नं. २२७३ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, कार्यालय नयाबानेश्वर काठमाण्डौबाट मिति २०७६/०५/१३ मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६११७०४६१८ को प्रमाणपत्र प्राप्त **अंकिता आयूष स्टोर ।**
**ठेगाना :** काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वार्ड नं. १०, बानेश्वर ।

**पोप्राईटर : साबित्रा खडका** (ना.प्र.नं. ३१७९०–२२६, जारी मिति २०६०/०८/०२, प्रतिलिपि जारी मिति २०७०/११/२५, जि.प्र.का.दोलखा) ।
स्थाई ठेगाना : रामेछाप जिल्ला, शहरे गा.वि.स. वडा नं. ५ ।
हालको ठेगाना : रामेछाप जिल्ला मन्थली न.पा. वडा नं १४ ।
बाबु : बासुदेब खडका ।
पति : राम खडका । ससुरा : तेज बहादुर खडका ।

**जमानतकर्ताः राम खडका** (ना.प्र.नं. ४६९१२, जारी मिति २०५७/०५/०१, जि.प्र.का रामेछाप) ।
ठेगाना : रामेछाप जिल्ला मन्थली न.पा. वडा नं १४, (साबिक फुलासी गा.वि.स. वडा नं ९) ।
बाबु : तेज बहादुर खडका ।
बाजे : बम बहादुर खडका ।

**ख. धितो सुरक्षण सम्पत्तिको विवरण :**
ऋणी अंकिता आयूष स्टोरको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ................१

**जमानतकर्ता :** उपरोक्त कर्जामा तहाँले व्यक्तिगत जमानी दिनुभएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न/गराउन लगाउन हुन जानकारी गराउदछौ । अन्यथा, कर्जा चुक्ता/नियमित नभएको अवस्थामा सूचना प्रकाशित भएको मितिले ९० दिन पश्चात् तहाँ जमानतकर्तालाई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचिकृत गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**


## बाढीप्रभावितको सेवामा सशस्त्र प्रहरी

# प्रभावित क्षेत्रका ३६ सयभन्दा बढीको स्वास्थ्य उपचार

■ प्रभाव संवाददाता




**काठमाडौं-** सशस्त्र प्रहरी बल नेपालले भोटेकोशी बाढीप्रभावित क्षेत्रका तीन हजार ६०० भन्दा बढी नागरिकको स्वास्थ्य उपचार गरेको छ । बाढीप्रभावित क्षेत्रमा सशस्त्र प्रहरीले भदौ १० गतेदेखि हेल्थ क्याम्प खडा गरी स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको छ ।

नेपाल एपिएफ अस्पताल बलम्बुबाट खटिएको विशेषज्ञ चिकित्सकसहितको टोलीले बाढीप्रभावित क्षेत्रको विभिन्न ठाउँमा हेल्थ क्याम्प सञ्चालन गर्नाका साथै कारागार तथा होल्डिङ सेन्टरमा रहेका घाइते र बिरामीको उपचार गरेको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

सशस्त्र प्रहरीको स्वास्थ्य टोलीले बाढीप्रभावित क्षेत्रमध्ये रसुवाको जिल्ला अस्पताल धुन्चे र टिमुरे, नुवाकोटको आयुर्वेद चिकित्सालय, क्रियापुत्री भवन, केन्द्रीय कारागार नुवाकोट, सेतीदेवी आधारभूत विद्यालय, क्षेत्रपाल आधारभूत विद्यालय, रणभुवनेश्वरी माध्यमिक विद्यालय, नुवाकोट स्वास्थ्य चौकीलगायतका ठाउँहरूमा हेल्थ क्याम्प स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ ।

यस्तै, उक्त बलले धादिङको गल्छी र काठमाडौंको त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमासमेत भदौ १० गतेदेखि नै हेल्थ क्याम्प खडा गरी सेवा प्रदान गर्दै आइरहेको छ । नुवाकोटस्थित केन्द्रीय कारागारभित्र फैलनसक्ने सम्भावित सरुवा रोग तथा स्वास्थ्य समस्यालाई ध्यानमा राखी सशस्त्रको टोलीले विशेष स्वास्थ्य परीक्षण गरेको छ । उक्त कारागारमा भदौ १७ गते १८५ जना र २४ गते २१७ जना कैदीबन्दीलाई स्वास्थ्य परीक्षण तथा उपचार सेवा प्रदान गरेको छ ।

बाढीप्रभावित क्षेत्रका विभिन्न ठाउँमा खोज तथा उद्धारका लागि सशस्त्र प्रहरी बल नेपालले चार हजार २०० भन्दा बढी जनशक्ति परिचालन गरेको छ । सशस्त्रको सो टोलीले बाढीमा परेकाको खोज तथा उद्धार, स्वास्थ्य सेवा, आपत्कालीन औषधि उपचार, होल्डिङ सेन्टरको व्यवस्थापन तथा राहत सामग्री वितरणलगायत कार्यमा निरन्तर खटिँदै आएको छ ।



## नाफिन बचत तथा ऋण सहकारी संस्था लि.
**काठमाडौं महानगरपालिका वडा नं.२५, न्हयैकन्तला, असन**

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८३/५/२६**

यस संस्थाबाट कर्जा लिनु हुने तपशिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम धनि संस्था सँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपशिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तारताकेता गर्दा समेत साँबा, ब्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हाल सम्म पनि यस सस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जाना, दै दस्तुर समेत सम्पुर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकिएको समय भित्र पनि उल्लेखित अनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षपणको लागि लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सग सम्बन्धीत अन्य पक्ष र धनी संस्था विच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साक्षी एंवम धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुल उपर गरीने ब्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराईन्छ । साथै कालो सुचीमा नाम समावेश गर्नका लागि लेखी पठाईने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|---|
| १) | **नाम : भरत प्रसाद गजुरेल**<br>बाबु : कुलदिप गजुरेल<br>बाजे : पिताम्बर गजुरेल<br>नागरीकताः ८२१०/८०४<br>जारी मिति : २०५९/११/२१<br>जिल्ला प्रशासन कार्यालय काठमाडौं | काठमाडौं जिल्ला जितपुर गा.वि.स. वडा नं.६ |  | काठमाडौं जिल्ला जितपुर गा.बि.स.वडा नं.५ग कित्ता नं.३४३ क्षे.फ.२-०-०-० |
| क) | **धन जमानी बस्ने :-**<br>**नाम : सविन कुमार गजुरेल**<br>बाबु : कुलदिप गजुरेल<br>बाजे : पिताम्बर गजुरेल<br>नागरीकताः २३२९९<br>जारी मिति : २०६२/०६/१२<br>जिल्ला प्रशासन कार्यालय काठमाडौं | काठमाडौ जिल्ला जितपुरफेदी गा.बि.स. वडा नं.६ |  | |
| ख) | **नाम : ईश्वरी गजुरेल**<br>बाबु : रोहिनी प्रसाद भट्ट<br>बाजे : राम प्रसाद भट्ट<br>नागरीकताः २७३०३४/१५९९<br>जारी मिति : २०६३/१०/१८<br>जिल्ला प्रशासन कार्यालय काठमाडौं | काठमाडौ जिल्ला जितपुरफेदी गा.बि.स. वडा नं.६ |  | |

## युएइमा रोजगार
कम्पनी : **WADI AL FURAT MARBLE AND CERAMIC WORKS**
पूर्व स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 347696 | चलानी नं. ६०२६०९३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 2000 | ८२,०१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 1 | 0 | 1600 | ६६,३३० | | | | | | | |
| 3 | Stone Mason | 1 | 0 | 1600 | ६६,३३० | | | | | | | |
| 4 | Carpet Installer | 1 | 0 | 1600 | ६६,३३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STUPA OVERSEAS SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. ७०२/०६३/०६४
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

## बहराइनमा रोजगार
कम्पनी : **RIDER SERVICES W.L.L**
पूर्व स्वीकृति मिति : २०८३/०५/२४ | LT. No. 347645 | चलानी नं. ६०२६०८८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 15 | 0 | 120 | ४८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २ गते (18th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**DAR AL-KHALEEJ OVERSEAS MANPOWER CONCULTANT**
श्रम ईजाजत नं. ५५७/०६२/६३
Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130
Email: Info@daralkhaleej.com.np, Web: www.daralkhaleej.com.np

## मलेसियामा रोजगार
कम्पनी : **QRA SDN BHD**
पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/२५ | LT. No. 341135 | चलानी नं. ६०२५४४७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 5 | 0 | 1700 | ६३,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २ गते (18th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SKYWAYS BUREAU SERVICES PVT.LTD.**
Govt. License No. 871/066/67
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com

# प्रभाव दैनिक

शुक्रबार, २६ भदौ २०८३ (Friday, 11 September 2026)


रूपशाला

### 'कालमाण्डू' आगामी पुस २४ मा रिलिज हुने

एक्सन थ्रिलर जनरामा निर्माण भएको फिल्म 'कालमाण्डू' आगामी पुस २४ गतेबाट देशव्यापी प्रदर्शन हुने भएको छ। निर्माण टिमले फिल्मको 'राधा' बोलको गीत सार्वजनिक गर्दै प्रदर्शन तिमि जानकारी दिएको हो। सार्वजनिक गीतमा सम्राट न्यौपानेको स्वर तथा संगीत छ। गीतको शब्द रमेश देवकोटाले लेखेका हुन्। गीतको भिडियोमा अनिलराज पौडेल र रोशनी कार्की फिचर्ड छन्। फिल्मका लेखक तथा निर्देशक सयनम अधिकारी हुन्। फिल्ममा अनिलराज र रोशनीको अलवा गजित बिष्ट, अञ्जन थापा, अनिलराज पौडेल, राजन अधिकारी, रोशनी कार्की, अलिशा बास्तोला, ललना चिमरिया, सुगत करणजित, विशाल पहारीको छ।



# सामूहिक चित्रकला प्रदर्शनी सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** रसियन हाउस, काठमाडौंको प्रस्तुतिमा नेपाल-रसिया आर्ट क्लब र सुषमा आर्ट ग्यालरीको संयुक्त आयोजनामा नेपाली कलाकारहरूको सामूहिक चित्रकला प्रदर्शनी सुरु भएको छ।

प्रदर्शनीको उद्घाटन माननीय सांसद तथा पूर्वमन्त्री पद्मा अर्यालले पानसमा दीप प्रज्ज्वलन गरी गरेकी हुन्। कार्यक्रममा रसियन हाउसकी निर्देशक अनास्तासिया खोख्लोभा, नेपाल-रसिया आर्ट क्लबकी अध्यक्ष सुषमा राजभण्डारी, नेपाल-रसिया फ्रेन्डसिप तथा कल्चरलका महासचिव स्वराज शाक्य, कलाकारहरू शिवजी यादव, दिवस अमात्यलगायत वरिष्ठ कलाकार, पत्रकार तथा विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमको सञ्चालन प्राज्ञ, गायक तथा संगीतकार माधव प्रधानले गरेका छन्। रसियन हाउसकी निर्देशक खोख्लोभाले उपस्थित अतिथिहरूलाई खादा लगाएर स्वागत गरेकी थिइन् भने नेपाल-रसिया आर्ट क्लबका सचिव मदन श्रेष्ठले अतिथि तथा कलाकारहरूलाई स्वागत मन्तव्य दिएका थिए। कार्यक्रममा प्राज्ञ धर्मराज शाक्यले प्रदर्शनीमा राखिएका कलाकृतिहरूका बारेमा समीक्षा गरेका थिए।

रसियन हाउसकी निर्देशक अनास्तासिया खोख्लोभाले नेपाली कलाकार हरूको सामूहिक चित्रकला प्रदर्शनी आयोजना गर्न पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा पनि नेपाल-रसिया आर्ट क्लबसँग सहकार्य गरी नेपाल र रसियाका कलाकारहरूको संयुक्त सामूहिक चित्रकला प्रदर्शनी आयोजना गर्ने जानकारी दिए।

प्रमुख अतिथि पद्मा अर्यालले नेपाली कलाकारहरूको सामूहिक चित्रकला प्रदर्शनी उद्घाटन गर्न पाउँदा खुशी लागेको बताउँदै प्रदर्शनीमा राखिएका चित्रहरू अवलोकन गर्दा आफूले नौलो अनुभव प्राप्त गरेको उल्लेख गरिन्।

त्यस्तै, नेपाल-रसिया आर्ट क्लबकी अध्यक्ष सुषमा राजभण्डारीले प्रदर्शनीमा सहभागी कलाकार तथा उपस्थित सम्पूर्ण महानुभावप्रति धन्यवाद व्यक्त गरिन्। उनले आगामी दिनमा पनि नेपाल-रसिया आर्ट क्लबले निरन्तर कला प्रदर्शनी आयोजना गर्दै जाने बताउँदै महिला कलाकारहरूका कलाकृतिलाई समेत प्रदर्शनीमा समेट्न पाएकोमा खुशी व्यक्त गरिन्।

कार्यक्रमका अवसरमा नेपाल-रसिया आर्ट क्लबका नयाँ सल्लाहकार तथा पदाधिकारीहरूको समेत घोषणा गरिएको थियो। प्रदर्शनीमा २८ जना कलाकारका कलाकृति राखिएका छन्। प्रदर्शनीमा प्राज्ञ विजय थापा, प्राज्ञ चन्दा श्रेष्ठ, जीवन राजोपाध्याय, रत्नकाजी शाक्य, गजेन्द्रमान श्रेष्ठ, प्राज्ञ सुषमा राजभण्डारी, विजयराज शाक्य, राजाबाबु शाक्य, प्राज्ञ धर्मराज शाक्य, प्राज्ञ धनु याक्खा, प्राज्ञ उमेश श्रेष्ठ, पुरुषोत्तम मानन्धर, दीपान्जली प्रधान, रेनुका महर्जन, ज्योती खड्का, सजनी श्रेष्ठ, उमा श्रेष्ठ, सुनेना ठाकुर, सरुनादेवी महर्जन, प्रविण श्रेष्ठ, मदन श्रेष्ठ, राखी कर्न, हेमा दास, जेम्स महर्जन, विनोद गिरी, सुमित्रा थुस, कृपा जोशी र हरिराम चौधरीका चित्रहरू रसियन हाउसको भित्तामा सजिएका छन्।

प्रदर्शनी आगामी असोज ४ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ।

# 'एलिफेन्ट इन द फग' एसिया प्यासिफिक स्क्रिन अवार्डमा तीन विधामा मनोनयन

**काठमाडौं (प्रस)–** अविनाश विक्रम शाहको चलचित्र 'एलिफेन्ट इन द फग' १९औँ एसिया प्यासिफिक स्क्रिन अवाड्र्समा तीन विधामा मनोनयनमा परेको छ। एसिया प्यासिफिक स्क्रिन एकेडेमीले ३२ देश तथा क्षेत्रका ३६ चलचित्र समेटिएको मनोनयन सूची सार्वजनिक गरेको छ।

'एलिफेन्ट इन द फग' उत्कृष्ट फिल्म, उत्कृष्ट निर्देशक र उत्कृष्ट अभिनय विधामा मनोनीत भएको एसिया प्यासिफिक स्क्रिन एकेडेमीले जनाएको छ। अवार्डमा यस वर्ष मनोनीत फिल्मका ६९ प्रतिशत निर्देशकले आफ्नो पहिलो वा दोस्रो फिचर फिल्म प्रस्तुत गरेका छन्। यसले युवा फिल्म मकेरबीच प्रतिस्पर्धा हुने देखाउँछ। उत्कृष्ट फिल्मका पाँच मनोनीत फिल्म पहिलोपटक फिचर निर्देशन गर्ने निर्देशकले बनाएका हुन् भने उत्कृष्ट एनिमेटेड फिल्मका प्रत्येक मनोनीत फिल्म पनि पहिलो वा दोस्रो फिल्म निर्देशन गर्ने फिल्ममेकरका छन्।

यस वर्षको सूचीमा विभिन्न देशबीचको सहकार्य पनि उल्लेखनीय देखिएको छ। 'एलिफेन्ट्स इन द फग'ले जर्मनी, ब्राजिल, फ्रान्स र नर्वेसँग सहकार्य गरेको छ। यो अवार्ड अस्ट्रेलियामा अक्टोबर ३० मा हुनेछ। 'एलिफेन्ट्स इन द फग' गत शुक्रबारबाट घरेलु बक्सअफिसमा प्रदर्शन भइरहेको छ। उत्कृष्ट समीक्षा र दर्शकको सकारात्मक वर्ड अफ माउथ पाइरहेका बेला इन्टरनेसनल फिल्म फेस्टिभलबाट सुखद समाचार आएको हो।

जंगली हात्तीको आतंकबाट आक्रान्त बस्तीमा बसोबास गर्ने अल्पसंख्यक समुदायको कथा भनेको यस चलचित्रमा अभिनेत्री गौरी मल्ल, माओत्से गुरुङ, पुष्पा थिङ लामा, दीपिका यादव, जस्मिन विश्वकर्मा, एलिज घिमिरे, महिमा नवबाग, आकांक्षा कार्कीलगायतको अभिनय छ। निर्देशक शाहको नै




पटकथा रहेको चलचित्रमा अविनाश विक्रम शाह र सन्दीप बादलको कथा छ। चलचित्र नेपालसहित फ्रान्स, जर्मनी, ब्राजिल र नर्वेका निर्माण संस्थाको सहकार्यमा निर्माण गरिएको हो।

यस चलचित्र निर्मातामा नेपालबाट अनुप पौडेल फ्रान्सबाट जस्टिन पेचबर्टी र डेमियन मेघेर्बी, जर्मनीबाट माइकल हेनरिक्स रहेको छन्। सह-निर्मातामा प्रचण्डमान श्रेष्ठ, ब्रजिलबाट तातियाना लेइते, लेओनार्दो मेक्की, पल जिश्लर, भेरोना मेइर स्टोर्म, मार्टिन रेचबक, सुसन्ने मान, कुमुदिनी गुरुङ श्रेष्ठ र सोहम ढकाल रहेका छन्।

चार्ल्स अडिनेट लाइन प्रोड्यूसर रहेको चलचित्रका एशोसिएट निर्माता नायिका केकी अधिकारी, प्रतीक सुवेदी र प्रतिभा जोशी छन्।

## रंगशाला

# नेपालका बाढीपीडितका लागि इटालियन क्लबले 'विशेष जर्सी' लिलामी गर्ने




■ प्रभाव संवाददाता

**काठमाडौं –** इटालियन फुटबल क्लब एएस रोमाले नेपालका बाढीपीडितहरूको सहयोग र जनचेतना अभिवृद्धिका लागि विशेष पहल गर्ने भएको छ।

युइएफए च्याम्पियन्स लिगअन्तर्गत टर्कीको क्लब फेनरबाचे विरुद्धको खेलमा रोमाका खेलाडीहरूले नेपालप्रति समर्थन जनाउने सन्देश अंकित विशेष जर्सी लगाएर मैदानमा उत्रने भएका छन्।

युरोपको प्रतिष्ठित फुटबल प्रतियोगिताअन्तर्गत बिहीबार इस्तानबुलमा हुने आफ्नो पहिलो खेलका लागि रोमाका खेलाडीहरूले "टुगेदर फर नेपाल" भन्ने वाक्यांश र संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमको लोगो अंकित जर्सी लगाउनेछन्।

टर्कीमा खेलकुदसम्बन्धी सट्टेबाजी वा जुवा खेलाउने कम्पनीका लोगो तथा नामहरू टोलीको पोसाकमा प्रदर्शन गर्न प्रतिबन्ध रहेकाले रोमालाई साविक प्रायोजकको लोगो राख्न रोक लगाइएको थियो। त्यसपछि क्लबले यो अवसरलाई परोपकारी कार्यमा उपयोग गर्ने निर्णय गरेको हो।

क्लबले उक्त खेलमा प्रयोग गरिएका जर्सीहरूको लिलामी गरी सङ्कलित रकम रोममा मुख्यालय रहेको संयुक्त राष्ट्रसंघको निकाय विश्व खाद्य कार्यक्रममार्फत नेपालका बाढीपीडित राहत कोषमा प्रदान गर्नेछ।

'बाढी र पहिरोबाट नराम्ररी प्रभावित भएका नेपाली जनतालाई सहयोग गर्न एएस रोमा र विश्व खाद्य कार्यक्रम एकजुट भएका छन्,' रोमाले आफ्नो आधिकारिक वेबसाइटमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जियालोरोसीका खेलाडीहरूले जर्सीको अगाडिको भागमा विश्व खाद्य कार्यक्रमको लोगो अंकित गरी मैदानमा उत्रनेछन्। यस कदमले संकटप्रति विश्वको ध्यानाकर्षण गराउनुका साथै प्रभावित समुदायको सहयोगमा डब्लुएफपीले गरिरहेको कामको प्रचारप्रसारमा समेत मद्दत पुग्नेछ।'

गत महिना पहाडी हिमनदीको एक भाग भत्किँदा पानी र हिलोको विशाल भेल नेपालका रसुवा र नुवाकोट क्षेत्रका साथै चीनको तिब्बत क्षेत्रमा बगेको थियो। जलवायु परिवर्तनको प्रभावका कारण निम्तिएको उक्त विनाशकारी बाढीमा परी १,३०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने ५,००० भन्दा बढी अझै बेपत्ता छन्।

### च्याम्पियन्स लिगमा मौनधारण र सहयोगको लहर

मंगलबार र बुधबार सुरु भएको च्याम्पियन्स लिगको नयाँ सिजनका सबै खेलहरूमा नेपालका बाढीपीडितहरू प्रति सम्मान व्यक्त गर्दै मौनधारण गरिएको थियो। खेल सुरु हुनुअघि खेलाडी, प्रशिक्षक, पदाधिकारी तथा दर्शकहरूले श्रद्धाञ्जली अर्पण गरेका थिए भने रंगशालाका डिजिटल स्क्रिनहरूमा बाढीपीडितको समर्थनमा सन्देशहरू प्रदर्शन गरिएका थिए।

यसैबीच, इंग्लिस प्रिमियर लिग क्लब आर्सनलले पनि 'आर्सनल फाउन्डेसन' र आफ्नो परोपकारी साझेदार संस्था 'सेभ द चिल्ड्रेन' मार्फत नेपालका बाढीपीडितहरूका लागि राहत सहयोग उपलब्ध गराएको छ।

**एसिसी प्रिमियर कप**

# नेपाल एसिसी इमर्जिङ टिम्स एसिया कपमा छनोट

## एसिसी प्रिमियर कप उपाधिका लागि युएईसँग भिड्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली एसिसी इमर्जिङ टिम्स एसिया कपमा छनोट भएको छ। आज एसिसी प्रिमियर कपको फाइनलमा स्थान बनाएसँगै नेपालले इमर्जिङ टिम्स एसिया कपमा पनि स्थान सुरक्षित गरेको हो।

एसियन क्रिकेट काउन्सिल (एसिसी) को प्रावधानअनुसार प्रिमियर कपको फाइनल पुग्ने दुई टोली र तेस्रो हुने टोलीले इमर्जिङ टिम्स एसिया कपमा स्थान बनाउँछन्। नेपाल दोस्रो पटक यस प्रतियोगितामा छनोट भएको हो।

नेपाल आसन्न संस्करणको सिनियर एसिया कपमा भने छनोट हुन बाँकी छ। यदि त्यो प्रतियोगितामा स्थान पक्का गर्ने हो भने शनिबार हुने एसिसी प्रिमियर कपको फाइनलमा युएईलाई हराउनुपर्नेछ।

नेपाल र युएईले बिहीबार भएको सेमिफाइनलमा जित निकाल्दै फाइनलमा स्थान सुरक्षित गरेका हुन्। सेमिफाइनलमा नेपालले ओमानलाई ८७ रन तथा युएईले हङकङलाई सात विकेटले हरायो। नेपाल दोस्रो तथा युएई तेस्रो पटक प्रिमियर कपको फाइनल खेल्ने तयारीमा छन्।

### नेपाल फाइनलमा, उपाधिका लागि युएईसँग भिड्ने

नेपालले ओमानलाई पराजित गर्दै एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ।

मलेसियाको बायुमास ओभरल क्रिकेट मैदानमा आज भएको सेमिफाइनल खेलमा नेपालले ओमानमाथि ८७ रनको जित निकाल्दै प्रतियोगिताको फाइनलमा पुगेको हो। नेपालले जितको लागि दिएको १४८ रनको लक्ष्य पछ्याएको ओमान २८ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै ६० रनमा समेटिएको हो।

फाइनल पुगेसँगै उपाधिका लागि नेपालले युएईसँग खेल्नेछ। युएई हङकङलाई हराउँदै फाइनल प्रवेश गरेको थियो।

ओमानका लागि जतिन्दर सिंहले २५ तथा जितेनकुमार रामानन्दीले १३ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। ओमानलाई ६० रनमा समेट्नेक्रममा नेपालका दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछानेले समान ३/३ विकेट लिए लिँदा रोहितकुमार पौडेल र ललित राजबंशीले समान २/२ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४५ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर १४७ रनको योगफल बनाएको थियो। नेपालको लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ५१ रन बनाए। उनले ७६ बलमा चार चौकाको सहयोगमा ५१ रन बनाएका हुन।

त्यस्तै बसिर अहमदले ४७ रन बनाउदा देव खनालले १३ तथा आसिफ शेखले ११ रन बनाए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। बलिङतर्फ ओमानका जय ओडेडरा र हस्नैन शाहले समान ३/३ विकेट लिए। त्यस्तै मुहम्मद इमरानले २ विकेट लिँदा शकील अहमद र मुजिबुर अलीले समान १/१ विकेट लिए।

यससँगै नेपालले फाइनलमा संयुक्त अरब इमिरेट्स (युएई)सँगको भेट पक्का गरेको छ।

फाइनल खेल यही भदौ २७ गते शनिबार हुनेछ। फाइनलमा नेपालले युएइलाई पराजित गरेमा एसिया कपमा स्थान बनाउनेछ।



उत्तरपश्चिम चीनको शान्सी प्रान्तको सियानमा रहेको सम्राट किन्सिहुआङको समाधिस्थल संग्रहालयको पिट नम्बर १ को साइट संरक्षण प्रयोगशालामा टेराकोटा योद्धाको टाउकोमा रहेको रङ संरक्षण गर्दै एक पुनर्स्थापना विशेषज्ञ। *तस्बिरः सिन्ह्वा*

# इरान-अमेरिका तनाव चर्किंदा इन्धनको मूल्यमा उच्च वृद्धि



**तेहरान–** इरानले हर्मुजको जलमार्गबाट पास हुन खोज्ने एक दर्जनभन्दा बढी जहाजहरूमा आक्रमण गरेसँगै इरान अमेरिका तनाव चर्किंदा तेलको मूल्य प्रतिब्यारेल सय रूपैयाँ अमेरिकी डलरभन्दा माथि पुगेको जनाइएको छ।

तेहरानले बुधबारदेखि तेल र ग्यासको रणनीतिक ढुवानी मार्ग हर्मुजमा आफ्नो पकड बलियो बनाउँदै जलमार्ग बाहिर नो-गो जोन क्षेत्र विस्तार गरेको छ। जहाँ इरानले फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिकासँग युद्ध सुरु भएदेखि यातायात प्रतिबन्धित गरेको छ। अन्तर्राष्ट्रिय सम्झौता 'ब्रेन्ट क्रुड' को मूल्य बिहीबार एसियाली व्यापारमा प्रतिब्यारेल १०१.२८ डलर थियो, जुन जुलाईपछि पहिलोपटक १०० डलरभन्दा माथि पुगेको हो।

तेहरानको रिभोलुसनरी गाड्र्सले हर्मुजको जलमार्ग पार गर्ने प्रक्रियामा रहेका दुई अमेरिकी जहाज, आठ तेल ट्यांकर र १० वटा अन्य जहाजहरूमा आक्रमण गरेको इरानको सरकारी मिडियाले रिपोर्ट गरेपछि कच्चा तेलको मूल्यमा उछाल आएको जनाइएको छ।

तेहरानमा अमेरिका-इजरायली आक्रमणले द्वन्द्व सुरु गरेको छ महिनाभन्दा बढी समयपछि गतिरोधमा परेको युद्धमा संयुक्त राज्य अमेरिकाले जित हासिल गरेपछि तेलको मूल्य तुरुन्तै कम हुने राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन्। हर्मुज जलमार्गको नाम 'ट्रम्प स्ट्रेट' राख्ने सुझाव दोहोर्‍याउँदै उनले भने, 'हामीले इरानसँगको युद्ध जितेपछि तेलको मूल्य घट्ने छ हामी यसलाई जित्दै छौं र हर्मुज स्ट्रेटलाई नियन्त्रण गर्छौं।'

इरानको शक्तिशाली रिभोलुसनरी गाड्र्सले बुधबार ओमानको खाडी र अरब सागरका केही भागहरूलाई नयाँ प्रतिबन्धित क्षेत्रमा थप गरेपछि ट्रम्पको यस्तो आशावादी टिप्पणी आएको छ। यदि कुनै जहाज निर्धारित समन्वयबिना त्यस क्षेत्रमा प्रवेश गर्छ भने, यो हाम्रो प्रतिबन्धको अधीनमा हुने गार्डका प्रवक्ता हुसेन मोहेबीले सरकारी टेलिभिजनसमक्ष बताए।

फेब्रुअरीमा युद्ध सुरु भएदेखि इरानले होर्मुज जलमार्गको नियन्त्रणमा दाबी गरेको छ, जलमार्गबाट हुने यातायात अवरुद्ध गरेको छ। जहाजहरू तेहरानको जलमार्ग प्रयोग गर्नुअघि अनुमति प्राप्त गर्ने र पारवहन शुल्क तिर्नुपर्ने दाबी इरनले गर्दै आएको छ। इरानले अब लड्न नसक्ने उल्लेख गर्दै ट्रम्पले बुधबार नोभेम्बरमा हुने मध्यावधि चुनावपछि युद्ध समाप्त हुने बताएका छन्।

यद्यपि वाल स्ट्रिट जर्नलले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै ट्रम्पका शीर्ष सल्लाहकारहरूले उनको कार्यकालको बाँकी दुई वर्षसम्म युद्ध जारी रहनसक्ने चेतावनी दिएका छन्। इरानी सेनाको वैचारिक शाखा गाड्र्सले पनि एक दिनअघि अमेरिकी सेनाले पाँच इरानी तेल ट्यांकरहरू नष्ट गरेको प्रतिक्रियामा जोर्डनमा रहेको अमेरिकी सैन्य अड्डामा आक्रमण गरेको बताएको छ।

जोर्डनको सेनाले जोर्डनमा प्रहार गरिएका १८ वटा क्षेप्यास्त्र खसालेको बताइएको छ। इरानको विदेश मन्त्रालयले आफ्नो तेल ट्यांकरहरूमा भएको आक्रमणलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि प्रत्यक्ष खतरा भन्दै निन्दा गर्दै उक्त आक्रमणले यस क्षेत्रमा तनावको खतरा बढाएको बताएको छ।

यस क्षेत्रमा अमेरिकी सैन्य सुविधाहरूलाई लक्षित गरी आक्रमण गर्नु 'आत्मरक्षार्थ' प्रयास भएको उनले बताएका छन्। अमेरिकी सेनाले भने अमेरिकी लडाकू विमानलाई लक्षित गरी भएको इरानी आक्रमणको जवाफ दिइरहेको बताएको छ भने एक हप्ताभन्दा कम समयमा यो दोस्रो घटना हो।

लेबनान र यमनमा भएको युद्धको मागसहितका आफ्ना सर्तहरू वासिंटनले पूरा गरे युद्ध अन्त्य गर्न सकिने इरानी गाड्र्सले जनाएको छ। गाड्र्सले अमेरिकाको नयाँ धम्कीहरूबाट बच्नुपर्ने लेबनानबाट इजरायली शासनको सेना फिर्ता लिनुपर्ने यमनको नाकाबन्दी अन्त्य गर्नुपर्ने र अमेरिकाले फ्रिज गरेको इरानको सम्पत्तिमा जारी गर्नुपर्दछ तथा देशको आणविक र मिसाइल क्षमताहरूमा कुनै पनि हस्तक्षेप हुनु नहुने मोहेबीले बताएका छन्। *रासस/एएफपी*

# जलवायु विपत्तिले बालिकाको पढाइमा बढी असर

**पेरिस, फ्रान्स–** गर्मीको लहर, आँधीबेहरी, बाढी र डढेलोजस्ता जलवायुजन्य विपत्तिका कारण बालिकाहरूको पढाइ अवरुद्ध हुने तथा विद्यालय छाड्ने जोखिम बढी रहेको संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले जनाएको छ।

युनिसेफको विश्लेषणअनुसार सन् २०२५ मा १०६ देश तथा क्षेत्रमा १७ करोडभन्दा बढी विद्यार्थीको पढाइ चरम मौसमका कारण प्रभावित भएको थियो। विद्यालयमा क्षति, कक्षा स्थगन, परिवार विस्थापन र आम्दानी गुम्दा बालिकामाथि घरायसी हेरचाह तथा पानी संकलनको थप जिम्मेवारी पर्ने भएकाले उनीहरू विद्यालय फर्किनसमेत कठिन हुने गरेको युनिसेफले जनाएको छ। यसले बालविवाहको जोखिम पनि बढाउन सक्ने बताइएको छ।

गत वर्ष आँधीबेहरीबाट करिब १० करोड १० लाख, बाढीबाट कम्तीमा सात करोड र गर्मीको लहरबाट करिब पाँच करोड विद्यार्थी प्रभावित भएका थिए। विश्वभर करिब एक अर्ब बालबालिका जलवायु तथा वातावरणीय विपत्तिको उच्च जोखिम भएका देशमा बसोबास गर्ने युनिसेफको भनाइ छ।

विपत्तिका कारण पढाइ गुम्दा बालबालिकाको सिकाइ, साक्षरता र गणितीय सीपमा दीर्घकालीन असर परी जीवनभरको आम्दानीमा कम्तीमा दुई खर्ब डलर बराबरको क्षति हुन सक्ने युनिसेफले जनाएको छ। न्यून तथा निम्न-मध्यम आय भएका देशका शिक्षा प्रणालीमा यस्तो विपत्तिका बेला पढाइ सुरक्षित राख्न पर्याप्त स्रोतसाधन नहुने भएकाले सरकारले जलवायु सहन सक्ने विद्यालय तथा शैक्षिक संरचनामा थप लगानी गर्नुपर्नेमा युनिसेफले जोड दिएको छ। *रासस/एएफपी*

# ब्रिक्समा जलवायु सहकार्य

**नयाँदिल्ली–** भारतले १८औं ब्रिक्स शिखर सम्मेलनअघि जलवायु कार्यलाई विकासोन्मुख देशका प्राथमिकतासँग जोड्दै ग्लोबल साउथको आवाज बलियो बनाउने तयारी गरेको छ। ब्रिक्स अध्यक्षका रूपमा भारतले किफायती ऊर्जा, जलवायु अनुकूलन, महत्त्वपूर्ण खनिज, प्रविधि र जलवायु वित्तलाई प्राथमिकतामा राखेको हो।

प्रधानमन्त्री नरेन्द्र मोदीले विकासशील देशलाई राजनीतिक प्रतिबद्धताभन्दा व्यावहारिक सहयोग आवश्यक रहेको बताउँदै आएका छन्। सन् २०२५ को ब्राजिल शिखर सम्मेलनमा उनले प्रविधि हस्तान्तरण र किफायती वित्तबिना जलवायु कार्य प्रभावकारी हुन नसक्ने बताउँदै विकसित देशको जलवायु वित्तसम्बन्धी विशेष जिम्मेवारी रहेको उल्लेख गरेका थिए।

जुनमा गुरुग्राममा भएको ब्रिक्स ऊर्जा मन्त्रीस्तरीय बैठकले राष्ट्रिय परिस्थिति र विकास प्राथमिकताअनुसार ऊर्जा सहकार्य अघि बढाउनेमा जोड दिएको थियो। ऊर्जा प्रणालीलाई लचिलो बनाउने, ऊर्जा भण्डारण, नवीकरणीय ऊर्जा, हाइड्रोजन, जैविक इन्धन, विद्युत् सञ्जाल आधुनिकीकरण तथा ऊर्जा दक्षतामा सहकार्य गर्ने विषय बैठकमा अघि सारिएको थियो।

स्वच्छ ऊर्जाको विस्तारसँगै महत्त्वपूर्ण खनिजको आपूर्ति पनि ब्रिक्सको प्रमुख चासो बनेको छ। सन् २०२५ को रियो दि जेनेरियो घोषणाले भरपर्दो, विविधीकृत, दिगो र न्यायपूर्ण खनिज आपूर्ति शृंखलामा जोड दिँदै स्रोतसम्पन्न विकासशील देशले खनिजको प्रशोधन र उत्पादनबाट बढी लाभ लिनुपर्ने उल्लेख गरेको थियो।

अगस्टमा नयाँदिल्लीमा भएको ब्रिक्स पर्यावरण मन्त्रीस्तरीय बैठकमा पर्यावरणमन्त्री भूपेन्द्र यादवले वन डढेलो रोकथाम, प्रारम्भिक चेतावनी, उद्धार तथा पुनःस्थापनामा सहकार्य बढाउन आह्वान गरेका थिए। उनले जलवायु वित्त र अनुकूलनका लागि थप सहयोग आवश्यक रहेको बताएका थिए।

ब्रिक्सको रियो घोषणाले विकासशील देशका लागि पहुँचयोग्य र किफायती जलवायु वित्तलाई न्यायपूर्ण ऊर्जा संक्रमणका लागि आवश्यक मानेको छ। यसैबीच, ब्रिक्सको नयाँ विकास बैंकले जलवायु वित्त र विकासशील देशका पूर्वाधारमा लगानी विस्तार गर्न सक्ने अपेक्षा गरिएको छ।

टिभी ब्रिक्सको सेप्टेम्बर ६ को विश्लेषणमा ब्रिक्स प्लस इन्स्टिच्युटका कार्यकारी निर्देशक लुआन स्क्लियरले ब्राजिलको अध्यक्षताले जलवायु वित्तलाई प्राथमिकतामा ल्याएको बताएका थिए। उनका अनुसार विकासशील देशका लागि सन् २०३५ सम्म १३ खर्ब अमेरिकी डलर जलवायु वित्त परिचालन गर्ने लक्ष्यप्रति ब्रिक्सले महत्त्वाकांक्षा बढाउन भूमिका खेलेको छ।

भारतले ऊर्जा र पर्यावरणसम्बन्धी बैठकबाट भएका कामलाई शिखर सम्मेलनको साझा एजेन्डामा जोड्ने तयारी गरेको छ। यसअन्तर्गत जलवायु कार्यलाई उत्सर्जन घटाउने विषयमामात्र सीमित नगरी किफायती ऊर्जा, कमजोर समुदायको संरक्षण, प्रविधिमा पहुँच, लचिलो आपूर्ति शृंखला र न्यायपूर्ण ऊर्जा संक्रमणका लागि वित्तसँग जोड्ने प्रयास हुने छ। ग्लोबल साउथका लागि ब्रिक्सको जलवायु सहकार्यको वास्तविक सफलता घोषणामामात्र नभई किफायती वित्त, प्रविधि, जलवायु अनुकूल पूर्वाधार र व्यावहारिक सहयोगमा ती प्रतिबद्धता कति रूपान्तरण हुन्छन् भन्नेमा निर्भर रहने देखिएको छ। *रासस/एएनआई*

# गर्मी सहने सक्ने कोरलको खोजी

**मियामी–** समुद्रको तापक्रम बढ्दै गएपछि फ्लोरिडाका वैज्ञानिकहरूले अत्यधिक गर्मी सहन सक्ने कोरलको पहिचान गरी क्षतिग्रस्त समुद्री चट्टान पुनःस्थापना गर्ने प्रयास गरिरहेका छन्। मियामी विश्वविद्यालयको 'रेस्क्यु अ रिफ' कार्यक्रमअन्तर्गत वैज्ञानिक र स्वयंसेवकले समुद्रमा नयाँ कोरल रोपेर तिनको वृद्धि तथा ताप सहने क्षमता अध्ययन गरिरहेका छन्।

जलवायु परिवर्तनका कारण समुद्र तातिँदै जाँदा कुन प्रजातिका कोरल बढी टिक्न सक्छन् भन्ने पत्ता लगाउनु अनुसन्धानको मुख्य उद्देश्य हो। कार्यक्रमकी व्यवस्थापक डेभन लेडबेटरले केही प्रजाति अत्यधिक तापक्रमका कारण हुने क्षतिबाट बच्न र पुनःस्वस्थ हुन बढी सक्षम देखिएको बताए। कोरलका संरचनाले समुद्री जीवलाई बासस्थान दिनुका साथै आँधी र समुद्री छालबाट हुने तटीय कटान तथा बाढीको जोखिम घटाउन सहयोग गर्छन्। तर सन् २०२३ देखि सुरु भएको कीर्तिमानी समुद्री तापक्रमका कारण फ्लोरिडाका एल्खोर्न र स्टाघर्न प्रजाति लगभग समाप्त भएका थिए।

वैज्ञानिकहरूले विभिन्न प्रजातिका कोरललाई समुद्रमा राखिएका विशेष संरचना र चट्टानमा रोपिरहेका छन्। तिनको स्वास्थ्य तथा तापक्रमको असर निगरानी गर्न रङको परिवर्तनसमेत मापन गरिन्छ। अत्यधिक गर्मी वा प्रदूषणका कारण कोरलभित्र बस्ने सूक्ष्म जीव नष्ट हुँदा कोरल सेतो हुने र रोग तथा मृत्युको जोखिम बढ्ने वैज्ञानिकहरूले बताएका छन्। लेडबेटरका अनुसार 'माउन्टेनस स्टार' कोरल तापक्रमको तनाव र सेतो हुने प्रक्रियासँग जुध्न बढी सक्षम देखिएको छ। यस गर्मीयाममा कार्यक्रमले ६१५ वटा कोरल रोपिसकेकोमा २२८ वटा तापक्रमसम्बन्धी अध्ययनमा प्रयोग गरिएको छ। राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय प्रशासन (नोआ)का अनुसार सन् २०२५ को मध्यतिर चौथो विश्वव्यापी कोरल सेतो हुने घटना अन्त्य भएको अनुमान गरिए पनि समुद्रको तापक्रम अझै विगतको तुलनामा उच्च छ। *रासस/एएफपी*

# अगस्टमा विश्वकै उच्च तापक्रम

**पेरिस–** युरोपेली संघ (इयू) को जलवायु अनुगमन सेवा कोपर्निकसले गत अगस्टलाई विश्वभर रेकर्ड गरिएको सबैभन्दा तातो महिना भएको जनाएको छ। सो अवधिमा समुद्री सतहको तापक्रमसमेत अभूतपूर्व उचाइमा पुगेको र पश्चिमी युरोपले असाधारण गर्मीको सामना गरेको छ।

कोपर्निकसका अनुसार अगस्टमा विश्वको औसत हावाको तापक्रम १६.९६ डिग्री सेल्सियस पुगेको थियो। यो सन् २०२३ को जुलाईमा कायम भएको अघिल्लो मासिक कीर्तिमानभन्दा ०.०१ डिग्री सेल्सियस बढी हो। अन्तर निकै कम भएकाले दुवै महिनालाई संयुक्तरूपमा सबैभन्दा तातो मानिएको छ।

कोपर्निकसकी सामन्था बर्गेसले कम्तीमा पछिल्लो एक लाख वर्षमा मानिसले अहिलेजस्तो उच्च तापक्रम नदेखेको बताइन्। वैज्ञानिकहरूका अनुसार कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धन जलाउँदा औद्योगिक युगअघिको तुलनामा पृथ्वीको तापक्रम करिब १.४ डिग्री सेल्सियस बढेको छ।

संयुक्त राष्ट्रसंघले जीवाश्म इन्धनको प्रयोग नघटाए पृथ्वी अझ गम्भीर जलवायु अवस्थामा पुग्ने चेतावनी दिएको छ। संयुक्त राष्ट्रसंघका जलवायु प्रमुख साइमन स्टिलले जीवाश्म इन्धनप्रतिको मानवताको निर्भरताले विश्वव्यापी जलवायु संकट बढाइरहेको बताए।

यसैबीच, अगस्टमा समुद्री सतहको तापक्रम पनि उच्च विन्दुमा पुगेको र महासागरमा लगातार तीन महिनासम्म तापक्रमका नयाँ कीर्तिमान कायम भएको कोपर्निकसले जनाएको छ। हरितगृह ग्यासबाट उत्पन्न अतिरिक्त तापको ९० प्रतिशतभन्दा बढी समुद्रले सोस्ने भए पनि यसले समुद्री जीव, प्रवालका प्राकृतिक संरचना र तटीय समुदायमा गम्भीर असर पारिरहेको वैज्ञानिकहरूले बताएका छन्।

कोपर्निकसका अनुसार जुनदेखि अगस्टसम्म पश्चिमी युरोपले सन् २००३ को सबैभन्दा तातो गर्मीको कीर्तिमानसमेत पार गरेको छ। लगातारको तातो लहरका कारण विद्यालय बन्द गर्नुपरेको, नदी सुकेको र जंगलमा आगलागीको जोखिम बढेको थियो। युरोपमा अतिरिक्त मृत्युको निगरानी गर्ने तथ्यांकअनुसार, जुलाईको मध्यदेखि अगस्टको मध्यसम्म अत्यधिक गर्मीका कारण ३२ हजारभन्दा बढी अतिरिक्त मृत्यु भएको अनुमान गरिएको थियो।

असाधारण गर्मी युरोपमामात्र सीमित रहेन। अमेरिकी राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय प्रशासनले पनि अमेरिकाले अभिलेखमै सबैभन्दा तातो गर्मीमध्ये एक सामना गरेको जनाएको छ। कोपर्निकसको तथ्यांकअनुसार करिब ९० करोड मानिस बसोबास गर्ने क्षेत्रमा अहिलेसम्मकै सबैभन्दा तातो जुलाई रेकर्ड भएको थियो।

जलवायु वैज्ञानिक फ्रेडेरिक ओटोले जीवाश्म इन्धन जलाउन नरोकेसम्म यस्ता कीर्तिमानी तातो महिना दोहोरिइरहने बताए। बर्गेसले पनि विश्वव्यापी उत्सर्जन नियन्त्रण नगरे जलवायु अवस्था अझ चरम बन्दै जाने चेतावनी दिए। *रासस/एएफपी*


**कुवेतमा रोजगार** कम्पनी : AGTHIA GENERAL TRADING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 339601 | चलानी नं. ६०२५३०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 15 | 15 | 140 | ६९,०२१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Male | 20 | 0 | 110 | ५४,२३१ | | | | | | | |
| 3. | Nepali Heavy Driver | 20 | 0 | 200 | ९८,६०१ | | | | | | | |
| 4. | Nepali Light Driver | 20 | 0 | 150 | ७३,९५१ | | | | | | | |
| 5. | Waiter/waitress | 25 | 15 | 135 | ६६,५५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २ गते (18th Sep. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : AL-MUTAIRAT UNITED GEN. TRAD & CONT. CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२४ | LT. No. 329825 | चलानी नं.६०२४३६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | 110 | ५४,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २ गते (18th Sep. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**नाफिन बचत तथा ऋण सहकारी संस्था लि.**
काठमाडौं महानगरपालिका वडा नं.२५, न्हयैकन्तला, असन

**धितोमा रहेको अचल सम्पत्ति लिलाम गर्ने ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति :- २०८३/५/२६
(प्रथम पटक प्रकाशित मिति २०८२/११/१५, दोस्रो पटक प्रकाशित मिति २०८२/१२/२९)

यस नाफिन बचत तथा ऋण सहकारी संस्था लि. को तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा व्याज दैदस्तुर सहित कार्यालयको लेना रकम चुक्ता भुक्तानी नगरेकोले पटक पटक मौखिक तथा लिखत तरताकेता गर्दा र पत्रिकामा कर्जा चुक्ता गर्न प्रथम पटक प्रकाशित मिति २०८२/११/१५, दोस्रो पटक प्रकाशित मिति २०८२/१२/२९) ३५ र १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीलाई सूचना गर्दा समेत कर्जाको साँवा व्याज चुक्ता नगरेको हुँदा ऋणीले लिएको साँवा व्याज दैदस्तुर समेत यस कार्यालयको सम्पूर्ण लेना रकम असुलउपर गर्न तपसिल निज ऋणीले राखेको उल्लेखित अचल सम्पत्ति गोप्य बोलपत्रद्वारा लिलाम बिक्री गनुपर्ने भएकोले उल्लेखित शर्त बन्देजहरूको अधिनमा रहने गरी निम्न मिति, समय र स्थानमा लिलाम बढाबढ गर्न आउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र सम्पत्ति लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरिलिन इच्छुक फर्म, कम्पनी, संघ संस्था तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गरिन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा यस सहकारी संस्था आफैले सकार गर्दा साविकमा यस संस्थाले मूल्यांकन गरेको रकम भन्दा कम मूल्यमा बिक्री भयो वा मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा सहकारी संस्था आफैंले सकार गरी लियो भनि कहिं कतै उजुर बाजुर गर्न पाइने छैन साथै सुरक्षणमा रहेको सम्पूर्ण सम्पत्ति लिलाम विक्रिबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी सदस्य तथा जमानीकर्ताको अन्य चल अचल जायेजाथा सम्पत्तिबाट समेत असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**तपशील**


| ऋणीको विवरण | फोटो | ठेगाना | धितो विवरण |
|---|---|---|---|
| **नाम : निरज थापा**<br>बबुाः कमल थापा<br>बाजेः गुप्त बहादुर थापा<br>नागरीकताः २८/०१/०६६/०४४१<br>जारी मिति : २०६६/०१/२४ जिल्ला प्रशासन कार्यालय ललितपुर |  | ललितपुर जिल्ला<br>टिकाथली वडा नं.९ | ललितपुर जिल्ला<br>लुभु गा.वि.स.<br>वडा नं.८ ख<br>कित्ता नं.८३८<br>क्षे.फ.०-४-२-० |

शर्तहरू :
१) बोलपत्र फाराम संस्थाको कार्यालय न्हैकन्तला, असन- २५ बाट रु १,००/- (अक्षरमा एक सय मात्र) तिरी/बुझाई प्राप्त गर्न सकिनेछ।
२) बोलपत्र फाराममा आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको खातामा जम्मा गर्नँपर्ने हुन्छ।
३) लिलाम विक्रि हुने सम्पत्ति हेर्न वा निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्न अगावै यस संस्थामा सम्पर्क गर्न सकिनेछ।
४) रित नपुगी वा म्याद नाघेर पेश गरेको बोलपत्र स्विकार योग्य हुने छैन।
५) बोलपत्र सदर हुनु अगावै ऋणीले सम्पूर्ण लेनारकम बुझाएमा प्राप्त बोलपत्रहरू रद्ध गरी धरौटी रकम फिर्ता दिन सकिनेछ। धरौटी स्वरूप राखेको रकमको व्याज दाबी गर्न पाउने छैन।
६) लिलामी सूचना प्रकाशित भएको ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र लिलामी सूचना प्रकाशित भएको ३६औं दिनमा कार्यालय भवनमा दिनको २:०० बजे खोलिनेछ। यदि ३६औं दिनमा विदा परेमा कार्यालय खोल्ने पहिलो दिनमा बोलपत्र खोलिनेछ।
७) बोलपत्र स्विकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ।
८) लिलाम सम्पत्ति दाखिला खारेज गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण दस्तुर रकम स्वयं लिलाम सकार गर्नेले तिर्नुपर्ने छ।
९) प्राप्त भएको बोलपत्रहरू बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोलि निर्णय गर्न कुनै बाधा पर्ने छैन।
१०) लिलाम बिक्री गर्ने भनिएको उल्लेखित सम्पत्ति लिलाम सकारको लागि कोही कसैको रित पूर्वक बोलपत्र नपरे वा कसैले नसकारेमा कानुन बमोजिम सहकारी संस्था आफैले सकार गरी दाखिला खारेज गर्न वा पुनः लिलाम प्रक्रियामा लैजान सक्नेछ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - ३०५८०० | प्रति तोला - ० | प्रति तोला - ४८५५



**मनास्लु बेसक्याम्प** | पर्वतारोहीले भरिएको गण्डकी प्रदेशको चुमनुब्री गाउँपालिकाको सामागाउँमा अवस्थित मनास्लु बेसक्याम्प । मनाङ गाउँपालिका-३ धारापानीबाट तिल्चे, गुवा, भिमथाङ हुँदै पाँच हजार १६ मिटर उचाई लार्के पास गरेर पर्वत आरोही यहाँ आइपुगेपछि आठ हजार १६३ मिटर उचाई रहेको मनास्लु हिमाल आरोहण गर्ने गर्छन् । *तस्बिरः नवीन लामिछाने/रासस*

# भोटेकोशी बाढीले कुन क्षेत्रमा कति क्षति ?



■ प्रभाव संवाददाता

**काठमाडौं-** यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपश्चात्को पुनर्निर्माणका लागि सरकारले रु सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख आवश्यक पर्ने अनुमान गरेको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनअनुसार विपद्‌बाट सबैभन्दा धेरै प्रभावित पूर्वाधार क्षेत्र पुनःरुत्थानका लागि मात्रै रु चार खर्ब ७३ अर्ब ५७ करोड १९ लाख लाग्ने अनुमान गरिएको छ । यो कूल विपद् पुनःरुत्थान आवश्यकताको ७५ प्रतिशत हिस्सा हो ।

पूर्वाधार क्षेत्रमध्ये पनि ऊर्जा र सडकमा व्यापक क्षति पुगेको छ । जहाँ ७५९ मेगावाट क्षमताका १३ वटा जलविद्युत् आयोजना र २४ मेगावाटका पाँच वटा सोलार प्लान्ट प्रभावित भएका छन् । यसका कारण ऊर्जा तथा ग्रिड प्रणालीको पुनरुत्थानका लागि मात्रै र तीन खर्ब ९० अर्ब ६२ करोड ३० लाख ४० हजार आवश्यक पर्ने देखिएको छ ।

यसैगरी ६९ किलोमिटर सडकखण्ड क्षतिग्रस्त भएको छ । तेत्तीस वटा मोटरेबल पुल बगेका छन् भने चार वटामा आंशिक क्षति पुगेको छ । यस्तै, बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुंगे पुलमध्ये ५३ वटामा क्षति पुगेको छ । प्रभावित क्षेत्रको समग्र यातायात पूर्वाधार पुनःरुत्थानका लागि रु ७३ अर्ब ३४ करोड २९ लाख ६० हजार खर्च लाग्ने देखिन्छ ।

बाढीका कारण सामाजिक तथा उत्पादन क्षेत्रमा पनि ठूलो भौतिक र आर्थिक असर परेको छ । बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी सत हजार ५७० वटा निजी घरहरू क्षतिग्रस्त भएका छन् । यसबाहेक ४८ वटा सार्वजनिक भवन, १८ वटा विद्यालय, सात वटा स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदामा क्षति पुगेको छ । यो क्षेत्रका लागि रु एक खर्ब तीन अर्ब ५४ करोड ९९ लाख बजेट आवश्यक छ ।

यसैगरी, व्यापार, व्यवसाय, बैंक र कृषि समेटिएको उत्पादक क्षेत्रको पुनःरुत्थानका लागि रु ५० अर्ब ७७ करोड ४९ लाख लाग्ने आकलन गरिएको छ । उत्पादन क्षेत्रअन्तर्गत एक हजार ८०६ हेक्टर कृषि बाली, १७ वटा बैंक शाखा र चार हजार ८०० व्यापारिक प्रतिष्ठानहरू प्रभावित भएका छन् ।

पाँच जिल्लाका प्रभावित १५ स्थानीय तहमध्ये नुवाकोटको विदुर नगरपालिकामा मात्रै तीन हजार २६ घरमा क्षति पुगेको छ ।

# अपर म्याग्दी-१ को सुरुङ 'ब्रेक थ्रु'

**म्याग्दी (प्रस)-** त्रिपन्न दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ जलविद्युत् आयोजनाको अडिटदेखि बाँधतर्फको सुरुङ 'ब्रेक थ्रु' (छेडिएको) छ । म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको धवलागिरि गाउँपालिका-४ छहरीमा रहेको अडिटदेखि मालिका गाउँपालिका-७ भारवाङमा निर्माणाधीन विद्युत्‌गृहतर्फ जोड्ने सुरुङ बुधबार जोडिएको हो ।

आयोजना प्रमुख ज्योतिकुमार केसीले अडिटदेखि बाँधतर्फ जोड्ने दुई हजार ५०६ दशमलव ३९ मिटर सुरुङ ब्रेक थ्रु भएको जानकारी दिए । 'छहरीको अडिटदेखि धवलागिरि गाउँपालिका-४ खाम्लास्थित बाँधतर्फको तीन हजार २८३ दशमलव ३२ मिटरमध्य हालसम्म एक हजार ९७३ मिटर सुरुङ निर्माण सकिएको छ', उनले भने, 'बाँकी सुरुङ पनि केही महिनाभित्रनै सम्पन्न गर्ने लक्ष्य सहित काम भइरहेको छ ।'

हालसम्म समग्रमा ५६ प्रतिशत भौतिक प्रगति भएको र आगामी एक वर्षभित्र सम्पन्न हुने आयोजना प्रमुख केसीले जानकारी दिए । विसं २०८० चैत १९ मा सम्झौता र २०८१ वैशाख २८ गते कार्यक्षेत्रमा परिचालित भएको सिभिल ठेकेदार लुना बिल्डर्स एण्ड कन्ट्रयाक्टरले विसं २०८१ भदौ महिनादेखि मुख्य सुरुङ निर्माण थालेको थियो ।

बाँध, सुरुङ र विद्युत्‌गृह निर्माणका साथै हाइड्रो र इलेक्ट्रोमेकानिकलतर्फको कामलाई तीव्र पारिएको छ । बर्खायाममा आयोजना निर्माणस्थलमा पर्ने बेनी-दरबाङ सडकको फापरखेत पहिरो, दुखुखोला सडक पुल जोखिममा पर्ने र शिवरात्रिखोला सडक पुल निर्माणमा भएको ढिलाइएको असर अपर म्याग्दी-१ लगायतका जलविद्युत् आयोजना निर्माणमा परेको छ ।

## कर्पोरेट

### कतारको कम्पास कम्पनीद्वारा रसुवा बाढी प्रभावितलाई ३० लाख राहत प्रदान



**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारमा कतार जान चाहने नेपालीहरूका लागि उत्कृष्ट कम्पनीको रूपमा रहेको कम्पास क्याटरिङ कम्पनीले रसुवा बाढीपीडितका लागि प्रधानमन्त्री राहत कोषमा ३० लाख भन्दा बढी राहत प्रदान गरेको छ । उक्त रकम कम्पनीको नेपालस्थित आधिकारिक प्रतिनिधि कम्पनी भिजन एण्ड भ्यालु ओभरसिजको संयोजनमा राजधानीमा बिहीबार आयोजित विशेष समारोहबीच अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिएको थियो ।

अर्थमन्त्री डा. वाग्लेलाई २० हजार अमेरिकी डलरको चेक कम्पनीका अदाम अल हलाबिबी, बिजो बाबु हलाबिबीका साथै भिजन भ्यालुका अध्यक्ष पदमराज पौडेल र निर्देशक अनिल पन्थीले हस्तान्तरण गरेका थिए । राहतका लागि संयोजन समेत गरेका भिजन भ्यालुका अध्यक्ष पौडेलले भने, 'कम्पास कतारमा रहेको बेलायती कम्पनी हो, यो कम्पनीले विभिन्न ५८ देशबाट कामदार लैजाने गर्दछ, नेपालबाट हामीले पठाउँछौं ।'

उनले उक्त कम्पनीले करिब १४ सय नेपालीलाई विभिन्न क्षेत्रमा रोजगारी दिएको पनि बताए । उक्त कम्पनीले कतारमा रहेका विभिन्न सरकारी कार्यालय, विमानस्थल, हस्पिटललगायतका क्षेत्रमा रोजगारी दिने पनि बताए ।

### रूपन्देहीका उद्योगी व्यवसायीद्वारा राहत कोषमा साढे तीन करोड बढि सहयोग



**बुटवल (प्रस)-** रूपन्देहीका उद्योगी व्यवसायीले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि राहत कोषमा साढे तीन करोड बढि सहयोग गरेका छन् । यशोदा ग्रुप अन्तर्गतका यशोदा फुड्स प्रालि र श्रीराम टोबाको प्रालिले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तीन करोड ५१ लाख ५१ हजार रूपैयाँ सहयोग गरेका छन् ।

रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि यशोदा ग्रुपअन्तर्गतका रूपन्देहीमा रहेको यशोदा फुड्स प्रालि र श्रीराम टोबाको प्रालिले तीन करोड ५१ लाख ५१ हजार रूपैयाँ आर्थिक सहयोग गरेको छ । कम्पनीले नेपाल सरकारको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा उक्त रकम सहयोग गरेको हो । सहयोग रकम बराबरको चेक उद्योगपति कमलकिशोर मालपानी र चुन्नप्रसाद शर्मा पौडेलले संयुक्त रूपमा अर्थमन्त्री डा .स्वर्णिम वाग्लेलाई बुधबार हस्तान्तरण गरेका हुन् । कम्पनीले बाढी प्रभावित क्षेत्रका पीडितलाई करिव ३० लाख रूपैयाँ बराबरको करेन्ट चाउचाउ पनि उपलब्ध गराएको जनाएको छ ।

यसैगरी रूपन्देहीको बुटवलमा रहेको आधुनिक सुपर क्वालिटी फ्रेस हाउस तथा सुद्धोधन गाउपालिकामा रहेको फस्ट च्वाईस फुड्स लिमिटेड, फ्रेन्च फ्राईज उद्योगका सन्चालन कृष्ण प्रसाद पौडेलले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ लाख ११ हजार १ सय ११ रूपैयाँ सहयोग प्रदान गरेको जानकारी दिए । उद्योगी पौडेलले यो महाविपतका वेला केही सहयोय स्वरूप यो आर्थिक सहयोग गरेको बताए ।

### बाढीपीडितलाई एएचजेड एसोसिएट्स नेपाल र डीएमएच फाउन्डेसन बंगलादेशको राहत



**काठमाडौं (प्रस)-** रसुवा र नुवाकोटमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारलाई सहयोग पुर्‍याउने उद्देश्यले एएचजेड एसोसिएट्स नेपाल र डा. मुस्तफा हाजेरा फाउन्डेसन (डीएमएच फाउन्डेसन), बंगलादेशले संयुक्त रूपमा राहत वितरण गरेका छन् । बाढीबाट सयौं परिवार प्रभावित भई घर, खाद्यान्न तथा दैनिक जीवनयापनका आवश्यक सामग्रीमा क्षति पुगेपछि राहतको आवश्यकता बढिरहेका बेला संस्थाहरूले नुवाकोटको विदुर क्षेत्रमा पुगेर प्रभावित परिवारलाई खाद्यान्न तथा आधारभूत आवश्यकताका सामग्री वितरण गरेका हुन् ।

राहत वितरणका क्रममा एएचजेड एसोसिएट्स नेपालको टोलीले प्रभावित परिवारसँग प्रत्यक्ष भेटघाट गरी उनीहरूको अवस्था, समस्या र आवश्यकताबारे जानकारीसमेत लिएको थियो । यस अभियानका लागि आवश्यक आर्थिक सहयोग डीएमएच फाउन्डेसन, बंगलादेशले उपलब्ध गराएको थियो भने राहत सामग्रीको व्यवस्थापन, वितरण तथा स्थानीयस्तरमा समन्वयको जिम्मेवारी एएचजेड एसोसिएट्स नेपालले गरेको थियो ।

राहत अभियानबारे प्रतिक्रिया दिँदै डीएमएच फाउन्डेसन, बंगलादेशका अध्यक्ष क्याप्टेन ए.के.एम. गोलाम कबिरियाले विपद्‌को समयमा पीडितको साथमा उभिनु सबैको साझा जिम्मेवारी भएको बताए । राहत अभियानको नेतृत्व एएचजेड एसोसिएट्स नेपालका कन्ट्री म्यानेजर शोबिन थापाले गरेका थिए । काठमाडौंस्थित मुख्य कार्यालयबाट परिचालित राहत टोलीमा शोबिन थापा, अर्चना यादव, सजल पोखरेल, रिषभ सिंह, प्रज्ञा मगर, दिवेश अधिकारी, अम्बिका गिरी, मेघा बज्राचार्य र योगेन्द्र साउद सहभागी थिए ।

# भोटेकोशी बाढीका कारण पूर्वाधार क्षेत्रमा एक खर्ब ९० अर्बको क्षति

■ प्रभाव संवाददाता

**काठमाडौं –** रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते बुधबार बिहान आएको भीषण हिमबाढीका कारण पूर्वाधार क्षेत्रमा मात्रै रु एक खर्ब ९० अर्बको क्षति भएको छ । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्याङ्कन' प्रतिवेदनअनुसार बाढीले पारेको क्षतिको पुनःरुत्थानका लागि रु चार खर्ब ७३ अर्ब ५७ करोड लाग्ने अनुमान छ ।

प्रतिवेदनअनुसार ऊर्जा क्षेत्रतर्फ बाढीका कारण कूल ७५९ दशमलप शून्य २५ मेगावाट क्षमताका १३ वटा जलविद्यत् आयेजना प्रभावित भएका छन् । जसमा २४ दशमलव ३६ मेगावाट क्षमताको पाँच वटा सोलार प्लान्टसमेत समावेश छन् । प्रतिवेदनमा बाढीका कारण एउटा सवस्टेसन, तीन वटा ट्रान्समिसन लाइन, एउटा स्विचयार्ड र एउटा वितरण लाइनमा क्षति पुगेको छ । ऊर्जा क्षेत्रमा कूल रु एक खर्ब ५१ अर्ब चार करोड बराबरको क्षति भएको छ । यो क्षेत्रको पुनःरुत्थानका लागि रु तीन खर्ब ९० अर्ब ६२ करोड लाग्ने अनुमान छ ।

घरायसी नवीकरणीय ऊर्जातर्फ पनि ठूलो क्षति पुगेको छ । जसमा २४५० वटा सोलार 'होमसिस्टम', २७४० बायोग्यास प्रणाली, १३ वटा संस्थागत सोलार प्रणाली, ९२ किलोवाटको लघुजलविद्युत्, १८५ 'वाटरमिल्स' र ७९५ वटा खाना पकाउने चुल्होमा क्षति पुगेको छ । घरायसी नवीकरणीय ऊर्जामा रु ५६ करोडको क्षति भएको छ भने यसको पुनःरुत्थानका लागि रु एक अर्ब ६४ करोड लाग्ने देखिएको छ ।

बाढीका कारण ६९ किलोमिटर सडकमा क्षति पुगेको अनुमान छ । जसमध्ये ५५ किलोमिटरमा पूर्ण रूपमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ । साथै पृथ्वीराजमार्गको कृष्णभीर क्षेत्रमा १५० मिटरमा क्षति पुगेको छ । सडक संरचनातर्फ रु २३ अर्ब ४२ करोडको क्षति पुगेको छ । उक्त क्षेत्रको पुनःरुत्थानका लागि रु ५५ अर्ब १८ करोड लाग्ने अनुमान छ ।

बाढीका कारण ३३ वटा मोटरेबल पुल बगेका छन् भने चार वटामा आंशिक क्षति पुगेको छ । त्यस्तै, बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुंगे पुलमध्ये ५३ वटामा क्षति पुगेको छ । तेत्तिस वटा झोलुंगे पुलमा पूर्ण क्षति पुगेको छ । पुलमा मात्रै रु ११ अर्ब ३५ करोडको क्षति पुगेको छ भने पुनरुत्थानका लागि रु १८ अर्ब १६ करोड आवश्यक पर्ने देखिएको छ ।

सञ्चार क्षेत्रमा पनि टेलिकमका बिटिएस टावरमा क्षति पुगेको छ । एनसेलमा २७ वटा र नेपाल टेलिकमका ३८ वटा टावर प्रभावित भएका थिए । जसमध्ये अधिकांश सञ्चालनमा आइसकेका छन् । बाढीका कारण १५२ दशमलव तीन किलोमिटर फाइभर केबल र दुई वटा ट्रान्समिसन प्रणाली, एफटिटिएच/आइएसपीमा प्रभाव परेको थियो । यो क्षेत्रमा करिब रु ६३ करोडको क्षति भएको थियो भने पुनःरुत्थानका लागि रु ९४ करोड लाग्ने अनुमान छ ।

त्यसैगरी खानेपानी तथा सरसफाइ क्षेत्रमा रु एक अर्ब ३८ करोड बराबरको क्षति पुगेको छ भने यसको पुनर्निर्माणका लागि रु दुई अर्ब सात करोड लाग्ने अनुमान छ । बाढीका कारण १६ वटा इनार, ९८ वटा इनटेक, १६० वटा ट्याङ्की, ४४३ दशमलव नौ किलोमिटर पाइपलाइन प्रभावित भएका छन् । प्रतिवेदनका अनुसार सिँचाइ, नदी संरक्षण क्षेत्रतर्फ चार हजार ९९० मिटर नदी संरक्षण, ७०० हेक्टर सिँचाइ र छ वटा जलसतह मापन केन्द्र प्रभावित भएका छन् । यस क्षेत्रमा करिब रु एक अर्ब ६५ क्षति पुगेको छ भने पुनरुत्थानका लागि रु चार अर्ब ९४ करोड आवश्यक पर्ने अनुमान गरिएको छ ।

# तरकारीको विषादी परीक्षण बढाइँदै

**चितवन (प्रस)-** किसानले बजारमा ल्याउने तरकारीमा विषादी बढी हुन थालेपछि परीक्षण बढाइएको छ । यससँगै किसानले विषादी प्रयोग गरेलगत्तै बजारमा बिक्री गर्नेक्रम घटाएको पाइएको हो । विषादी अवशेष द्रुत परीक्षण प्रयोगशालामा वार्षिक रूपमा तरकारी परीक्षण दर बढ्दै गएको छ । तरकारीमा विषादीको प्रयोग बढ्न थालेसँगै परीक्षणलाई तीव्र पारिएको हो ।

भरतपुरको क्षेत्रपुरमा रहेको महानगर तरकारी तथा फलफूल थोकबजार परिसरमा रहेको सो प्रयोगशालामा गत आर्थिक वर्षमा मात्र एक हजार १७२ वटा नुमनाको परीक्षण गरिएको थियो । सो परिसरमा आएका चितवनसहित जुनसुकै जिल्लाका तरकारीको नमुना लिइ विषादी परीक्षण गर्ने गरिएको कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले जानकारी दिए । उनका अनुसार गत आवमा गरिएको परीक्षणका क्रममा ३५ प्रतिशतभन्दा कम विषादी भएका (उपभोग्य) एक हजार १५८ नमुना छन् ।

यस्तै, १० वटा नमुना ३५ देखि ४५ प्रतिशत विषादी प्रयोग भएको पाइएको छ । यस्ता नमुनालाई उपभोग गर्न केही दिन पर्खनुपर्ने हुन्छ । चार वटा नमुना ४५ प्रतिशतभन्दा बढी विषादी देखिएपछि बिर्सजन गरिएको उनले जानकारी दिए । पैंतालिस प्रतिशतभन्दा बढी विषादी देखिएका तरकारी बिक्रीवितरण गर्दा उपभोक्ताको स्वास्थ्यमा नराम्रो असर पर्ने हुँदा ती नमुनासहित सो नमुना संकलन गरिएका ठाउँको तरकारी बिर्सजन गरिएको हो ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ